# अध्याय - एक

# परिचय

## १.१ पृष्ठभुमी

नेपाल एक बहुजातिय, बहुभाषिक र बहुसम्प्रदायिक राष्ट्र हो । यहाँ विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । उनीहरूका आ-आफ्नो धर्म संस्कृती र परम्पराहरू रहेका छन् । त्यसै अनुसार जीविकोपार्जन गर्दछन् । यसै कुरालाई हृदयगमन गरी नेपाल अधिराज्यको संविधान २०७२ ले बहुजातिय, बहुभाषिय, राष्ट्रको रूपमा नेपाललाई चिनाएको छ । संविधानले जातिगत विभेदको अन्त्य र सांस्कृतिक विविधतालाई मान्यता दिएको छ ।

समाज परिवर्तनशील छ । समाज भित्रको निकै महत्वपूर्ण पक्ष संस्कृति हो । यसले मानव समाजको विभिन्न पक्षमा प्रभाव पार्दछ । संस्कृती त्यस्तो धरोहर हो यसमा मानविय व्यवहारको कला, साहित्य, सामाजीक विचार र धार्मीक ढाँचा समावेश भएका हुन्छन् यसमा भौतिक र अभौतिक संस्कृतिका इकाईहरूको सम्बन्धवाट सामाजीक व्यवहारहरू सञ्चालित हुन्छन्। संस्कृती एक व्यक्ती समाज र पिढीबाट हस्तान्तरण भएको हुन्छ । संस्कृती मानिसले आफ्नो सामाजीक, सास्कृतिक नयाँ अभीन्न क्रियाकलापहरू सञ्चालन गर्नको लागि निमार्ण गरिएको हुन्छ ।

मानविय अन्तरसम्बन्धको जालो नै मानव समाज हो । समाजबाट विभिन्न जातजातिहरूको आपसी अन्तरसम्बन्धले नै सामाजीक संरचनालाई अस्तित्वमा राख्दछ । समाजमा परम्परादेखि चल्दै आएका विभिन्न जातजातिका धर्म, संस्कृति, राजनैतिक सङगठन तथा विविध संरचनाहरू आदिको अन्तरसम्बन्धको स्वरूपबाट नै समाजको स्वरूपको निरन्तरता रही रहन सम्भव हुन्छ । नेपाल एक बहुभाषिक, बहुजाती, बहुसंस्कृतिको साझा फुलबारी हो । फुलबारीमा फुल्ने हरेक फुलको आ-आफ्नो महत्व रहेझैं यहाको हरेक जातजाती भाषा भाषीको आ-आफ्नै महत्व हरेको छ । भाषागत रूपमा यि जातजातीलाई दुई भागमा विभाजन गर्न सकिन्छ । एकथरी इण्डो-आर्यन नेपाली भाषा बोल्दछन भने अर्कोथरी

टिवेटियन वर्मन  भाषा बोल्दछन् । नेपालमा अनेकौं जातजाती समुदायहरू छन् र उनीहरूले बोल्ने भाषा र संस्कृतीहरू फरक-फरक रहेको पाइन्छ ।

सबै समुदायहरूमध्ये पराजुली समुदायहरू पनी नेपाल अधिराज्यको विभिन्न भागमा छरिएर बसेका छन् । अधिकांश पराजुलीहरू गण्डकी अञ्चलको कास्कीमा धेरै वर्ष अगाडीदेखि नै बसोबास गर्दै आएको पाइन्छ । पोखरा उपमहानगरपालिका भित्र हाल वडा १ सिम्पानी, वडा २ विन्धवासिनी, मिरुवा, अर्चलबोट लगायत प्रस्याङ, नदिपुर, सिर्दाथचोक, चिप्लेढुंगा, गैह्रापाटन, रामबजार, कुँडहर आदी ठाउँमा पुरानो बस्तीका रूपमा बसोवास गर्दै आएका छन् । पराजुलीहरू जुम्लाको पराजुल भन्ने स्थानदेखि कास्कीको पोखरामा बसाई सरी आएका थिए । पोखरा उपमहानगरपालिका भित्र धेरै पुस्ता अगाडिदेखि स्थायी बसोबास गरी बस्ने पराजुलीहरूको ११७ धरधुरी रहेका छन् ।

## १.२ समस्याको कथन

ऐतिहासिक कालखण्डदेखि आजसम्म पश्चिमा एवम् पूर्विय विद्धानहरूले जातजाती सम्बन्धी अध्ययनहरूलाई प्राथमिकता साथमा अध्ययन गरेको पाइन्छ । जाती, जनजाती अध्ययनमा विभिन्न सिद्धान्तहरू निर्माण भएका छन् । जसमध्ये वर्णनात्मक र संस्कारगत उपागम सिद्धान्तलाई आधार मानी सेरी बि. अटनरद्वारा “सेर्पा तिनिहरूका संस्कारमा” सेर्पा जातीको संस्कारहरूलाई अर्थगत रूपमा प्रस्ट्र पारिएको छ । त्यस्तै डेविड एच होलमवर्गले तामाङहरूको किवंदन्ती, संस्कार र विनियमलाई अध्ययन गरेका छन् ।  अगस्टा मोल्नारले उत्तर पश्चिम नेपालका खाम मगरहरूको आर्थिक रणनीति र पर्यावरणीय अवरोधलाई अध्ययन गरेका छन् । थोमस. इ. फ्रिकले तामाङका जनसंख्या र घरेलु प्रक्रियाहरूलाई अध्ययन गरेका छन् साथै लिओनल क्यापलानले पूर्वी नेपालमा लिम्बु किपट र सामाजीक फेरवदल सम्बन्धी अध्ययन गरेका छन् भने नेपालका विद्धानहरूमध्ये प्रा.डा. चैतन्य मिश्रद्वारा दलित समस्या र गोपालसिंह नेपालीद्वारा “द नेवार” अन्तर्गत नेवार जातीहरूको अध्ययन भएको छ । यसरी भएका अध्ययनहरूमा ति जाती जनजातीहरूको सामाजीक सांस्कृतिक ढाचाँहरूलाई हेरिएको छ । सामाजीक सांस्कृतिक ढाचाँहरूमा विभिन्न तत्वहरूले परिवर्तन ल्याउन योगदान दिइन्छ । नेपालमा ब्राह्मण जातिहरूको अध्ययन एकदमै कम भएको छ । यस शोधले समस्याको रूपमा के हेरेको छ भने के ब्राह्मण समाजमा सांस्कृतिक परिवर्तन

भएको छैन त, के आर्थीक ढाचाँहरूमा परिवर्तन भएको छैन त, यसलाई खोज्ने काम एकदमै न्युन रहेको छ । तर ब्राह्मण जातीहरूको अध्ययन नेपालमा एकदमै कम मात्रामा भएको छ । ब्राह्मण समाजमा साँस्कृतिक परिवर्तन भएको छैन त, के आर्थिक परिवर्तन भएको छैन त जसलाई खोज्ने काम भएको देखिदैन । विभिन्न ठाउँमा छरिएर रहेका ब्राह्मण जातीहरूको विभिन्न किसिमको आ-आफ्नै परम्परा, रितिरिवाज, संस्कृति, भेषभुषा रहेको छ जहाँ कहिँ न कहिँ प्रविधि, आधुनिकिकरण शिक्षा, पश्चिमीकरण, संस्कृतिकरण इत्यादी तत्वहरूले प्रभाव पारेको पाइन्छ । त्यस्ता साँस्कृतिक, आर्थिक र पेशागत परिवर्तनहरूलाई अध्ययन गरेको एकदमै न्युन रहेको छ । त्यही ब्राह्मण समुदाय अन्तर्गत पराजुली समुदायको साँस्कृतिक, सामाजीक तथा पेशागत परिवर्तनहरूलाई समस्याको रूपमा देख्न सकिन्छ । कस्ता-कस्ता परिवर्तन भएका  छन् । संस्कृति संस्कारहरूमा कसरी पश्चिमीकरणको प्रभाव बढ्दै गइरहेको छ । उनीहरूले आफ्नो पुर्ख्यौली पेशाहरूमा कसरी परिवर्तन गर्दै लगीरहेका छन् जस्ता प्रश्नहरू यस अध्ययनको समस्याको रूपमा देखा परेको छ । पराजुली समुदायको रितिरिवाज, जन्मदेखि मृत्युसम्मका संस्कारहरू, पेशाहरू, सामाजीक आर्थिक क्रियाकलापहरूमा परिवर्तन हुँदै गइरहेको पाइन्छ । तसर्थ पराजुली समुदायको सामाजीक जनजिवन, सँस्कारहरू पेशा, धर्म तथा साँस्कृतिक मुल्यमान्यता के कस्ता छन् र जनजिवनमा के कस्तो परिवर्तन आएको छ भन्ने अनुसन्धानका निम्ती प्रश्नावलीहरूको आधार, अवलोकनको आधारमा उत्तर खोज्ने प्रयास गरिएको छ । निश्चित ठाउँको पराजुलीहरुलाई अध्ययन गरिएको हुनाले उनिहरुलाई यस शोधमा पराजुली समुदाय भनिएको छ ।

- पराजुली समुदायको सँस्कृती संस्कारमा कसरी परिवर्तन हुँदै गइरहेको छ ।
- पराजुली समुदायको पुर्ख्यौली पेशा अहिले कसरी परिवर्तन हुँदै गइरहेको छ ?
- पराजुली समुदायमा शिक्षा, विश्वव्यापीकरण, शहरीकरण, प्रविधी जस्ता तत्वहरूले कसरी प्रभाव पार्दै गइरहेको छ ?

## १.३ अध्यनको उद्देश्य

पोखरा उपमहानगरपालीका बसोबास गर्न पराजुली समुदायको सांस्कृतीक, सामाजीक र पेशागत परिवर्तन हरूलाई हेर्न यस अध्ययनको साधारण उद्देश्य रहेको छ भने विशिष्ट उद्देश्यहरू निम्न अनुसार छन् ।

क) पोखरेली पराजुली समुदायले अंगीकार गरेका प्रमुख संस्कारहरू र रितिरिवाज अध्ययन गर्नु ।

ख) पोखरेली पराजुली समुदायको साँस्कृतिक परिवर्तनका मुख्य सूचकहरूको विश्लेषण गर्नु ।

ग) पोखरेली पराजुली समुदायहरूको पेशागत परिवर्तनको बारेमा विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

संस्कृती तथा संस्कार समाजको सम्पती हो । संस्कृतिले उक्त समाजको विशेषता तथा गुणहरूको बोर्धाथ गर्दछ । यसले विशिष्ट रूपबाट उक्त समाजले अंगीकार गरेको विश्वास मान्यता र धारणाहरूको अभिव्यक्त गर्दछ । कुनै जातिको आफ्नो पहिचान उसको संस्कृती र संस्कारले अध्ययन गर्दछ । पोखरा उपमहानगर भित्र बसोवास गर्न विभिन्न जातजातीहरू मध्ये पराजुलीहरू पनि एक हुन् । उनीहरूको संस्कृती संस्कारहरू परिवर्तन, लोप हुदै गइरहेका छन् । यसलाई उपयुक्त मान्न सकिदैन । उनीहरूको वारेमा विभिन्न पत्रिका तथा लेखहरू प्रकाशन हुँदै आए तापनी ति लेखमा साँस्कृतीक, पेशागत र सामाजीक परिवर्तन कस्तो रूपबाट भएको छ ? कुन -कुन तत्वले प्रभाव पारेका छन् भन्ने बारेमा शोधकार्य तथा अध्ययन हालसम्म नभएको हुँदा यस अध्ययनबाट उनीहरूको बारेमा थप जानकारी प्राप्त भई स्वदेशी, विदेशी तथा मानवशास्त्र विषयसँग सरोकार राख्ने छात्र/छात्राको अलावा उक्त समुहको भावी सन्तती समेतलाई महत्वपूर्ण स्रोतको रूपमा रहन सक्ने भएकोले यी शोधपत्रको सामाजीक, सांस्कृतीक महत्व ज्यादै देखिन्छ ।


## १.५ अध्ययनको सीमा

कुनै पनि विषयको अध्ययनमा आफ्नो सीमा हुन्छ । नेपालका विभिन्न ठाउँहरूमा पराजुली समुदायको बसोवास रहेको छ । यस अध्ययन क्षेत्रभित्र नेपाल अधिराज्यभर बसोबास गर्ने विभिन्न पराजुली समुदायको अध्ययन गर्न नसकेता पनि पोखरा उप-महानगरपालिकामा बसोबास गर्दै आएका पराजुली समुदायको सामाजीक, साँस्कृतिक, पेशागत अवस्थाको बारेमा मात्र सिमांकन गरी अध्ययन गरिने हुनाले समग्र नेपालका पराजुलीहरुको सामान्यीकरण नहुन सक्छ । कतिपय दितिय स्रोतको तथ्याङ्कको आधारमा विश्लेषण गरिने हुँदा अध्ययन प्रतिवेदन सुद्धता र सान्दर्भिकता तथ्याङ्क उपलब्ध गराउने स्रोतको विश्वसनीयतामा आधारित हुनेछ ।

## १.६ अवधारणागत खाका

उपरोक्त खाका अनुसार पराजुली समुदायको सामाजीक, सांस्कृतिक, आर्थीक तथा शैक्षिक क्रियाकलापमा औधोगिकीकरण, पश्चिमीकरण, आधुनिकीकरण, सञ्चार, आर्थीक पक्षको प्रभावले तिनमा परिवर्तन हुँदै गएको छ भन्ने देखाइएको छ । सामाजीक, सांस्कृतिक, आर्थीक र भौतिक पक्ष स्वतन्त्र चलहरू हुन् । यसलाई औधोगिकीकरण, आधुनिकीकरण, सञ्चार प्रविधि, पश्चिमीकरण, आर्थीक पक्ष जस्ता हस्तक्षेपी चलहरूले परिवर्तन गराएका हुन्छन् भन्ने देखाइएको छ ।

**चित्र १.१ : अवधारणागत खाका**



# अध्याय – दुई

# पुर्व साहित्यको सिंहावलोकन

## २.१ सैद्धान्तिक समीक्षा

कुनैपनी विषयमा अध्ययन गर्नका लागि समाजशास्त्री/मानवशास्त्रीहरूले सो सम्बन्धमा आवश्यकता अनुसारका सान्दर्भिक विकसित सिद्धान्त मध्ये एक वा एक भन्दा बढी सिद्धान्तसँग सम्बन्धित भई अनुसन्धान गर्ने परम्परा रहेको छ । यसरी अनुसन्धान गर्दा वढी बैज्ञानिक सिद्धान्तहरूको परिधि भित्र रही अनुसन्धान गर्न आवश्यक हुन्छ । ऐतिहासिक कालखण्ड देखि आज सम्म पश्चिमा एवम् पुर्वीय विद्वानहरूले जात जाति सम्बन्धी अध्ययनलाई प्राथमीकतामा राखेको पाइन्छ । जातिय अध्ययन विभिन्न सिद्धान्तहरू निमार्ण भएका छन् । सान्दर्भिक सिद्धान्तहरूलाई आधार मान्दै संस्कृतीमा आएको परिवर्तन र यसले सामाजीक आर्थिक अवस्थामा समेत पारेको प्रभावको समिक्षा गरियको छ । यसले गर्दा पराजुली समुदायको संस्कृतिमा आएको परिवर्तनको प्रवृती पत्ता लगाउन सहज हुनेछ । यहाँ खासगरी सामाजीक साँस्कृतिक परिवर्तनको सिद्धान्त सँगै नजिक रहेर अध्ययन गरिएको छ ।

### २.१.१ संरचनात्मक प्रकार्यवादी अवधारणा

समाज र संस्कृतिको अध्ययनलाई एक निर्दिष्ट निष्कर्षमा पुऱ्याउनको लागि नै विभिन्न व्याख्या र विश्लेषण गर्न थालिएको पाइन्छ । सामाजीक, साँस्कृतिक प्रक्रियालाई अध्ययन, व्याख्या र विश्लेषण गर्ने सम्बन्धमा खास खालको सैद्धान्तिक नमूनाको प्रयोग गरिएको हुन्छ । जसबाट नै सामाजीक प्रक्रियाका बारेमा एउटा निष्कर्ष निकाल्न सकिन्छ । यसलाई निर्दिष्ट समाज र संस्कृतिमा सामान्यीकरण गरिन सक्ने हुन्छ । यसै सन्दर्भमा संरचनागत प्रकार्यात्मक सैद्धान्तिक नमूना पनि एउटा महत्वपूर्ण दृष्टिकोण हो । जसले समाजलाई एउटा प्रणाली वा व्यवस्था उपागमनबाट विश्लेषण गर्ने गर्दछ । सिङ्गो सामाजीक व्यवस्थालाई एउटा पद्धति मानेको हुन्छ । यहि पद्धति भित्रका व्यवहार, क्रियाकलाप, सम्बन्ध, निर्भरता तथा अस्तित्वको बारेमा विश्लेषण गर्न त्यस नमूना बढि व्यवहारिक मानिएको छ ।

समाज र संस्कृतिको अध्ययन गर्ने सम्बन्धमा प्रत्येक विषय वा घटनााक्रमको अध्ययनलाई पूर्णरूपमा बुझ्नका लागि त्यस भित्रको कार्यकारण सम्बन्ध पहिल्याउनका लागि सामाजीक, साँस्कृतिक यथार्थलाई प्रष्ट पार्नका लागि सामाजीक व्यवस्थामा सबै संलग्न पक्षको एकिकृत रूप र प्रक्रियालाई अध्ययन गर्नुपर्छ भन्ने मान्यता यसमा रहेको छ । कुन एकाईका कहाँ कस्तो प्रभाव छ भने तथ्य यहि प्रक्रियाबाट बुझ्न सकिन्छ । यहि तथ्यहलाई सर्वप्रथम दुर्खिमले सामाजीक घटनाको कार्यकारण सम्बन्ध पत्ता लगाउने सम्बन्धमा उल्लेख गरेका छन् ।

यस सैद्धान्तिक नमूनाको सिङ्गो सामाजीक परिस्थितिलाई एउटा व्यवस्था मानिन्छ । यहि व्यवस्था संचालनका लागि विभिन्न उपभागहरू संलग्न हुन्छन् । यिनै उपभागहरूको प्रकार्यात्मक सम्बन्धमा नै मूल व्यवस्था सञ्चालन भएको हुन्छ भन्ने मान्यतालाई सर्वोपरि ठानी सामाजीक घटनाको अध्ययन गरिन्छ । एउटा सामाजीक व्यवस्थाभित्र अनगिन्ती उपव्यवस्थाहरू रहेका हुन्छन् । एकाईहरू संलग्न हुन्छन् । यिनै उपभागहरूको प्रकार्यात्मक सम्बन्धमा नै मूल व्यवस्था सञ्चालन भएको हुन्छ भन्ने मान्यतालाई सर्वोपरि ठानी सामाजीक घटनाको अध्ययन गरिन्छ । एउटा सामाजीक व्यवस्थाभित्र अनगिन्ती उपव्यवस्थाहरू रहेका हुन्छन् । प्रत्येक उपव्यवस्थाहरू भित्र पनि अनेकौं हुन्छन् भन्ने मान्यता यस उपागमनमा पाईन्छ । जुन मान्यतालाई सच्याउने कार्य पनि प्रकार्यात्मक विश्लेषक आर.के मर्टनबाट नै भएको हो ।

रेडक्लिफ ब्राउन आफ्नो अध्ययनमा सामाजीक संरचनालाई निकै जोड दिएका छन् । उनको महत्वपूर्ण कृति “स्टक्चर एण्ड फन्सन इन प्रिमिटिभ सोसाइटी” (१९५२) हो । उनले अन्दमान टापुमा अध्ययन गरी तिनिहरूको जिवन पद्धति, संस्कार र संस्कृति आदिका बारेमा अध्ययनमा संरचनागत प्रकार्यात्मक नमूनाका प्रयोग गरेको पाइन्छ । उनको अध्ययनको प्रकृति वैज्ञानिक कार्यक्षेत्रमा आधारित थियो । उनका अनुसार समाजमा रहने आदर्श, मूल्य-मान्यता, प्रथाहरू तथा संस्थाहरू एक आपसमा अन्तर सम्बन्धित छन् । यिनै तत्वहरूको एकिकृत रूप नै सामाजीक संरचना हो । यसै संरचनामा संलग्न एकाईहरू बिचको एकिकरण अन्तरनिर्भरता तथा प्रकार्यात्मक सम्बन्धले व्यवस्थाको निरन्तरतालाई टेवा पुऱ्याउँछ भन्ने धारणा उनको छ । सामाजीक निर्दिष्ट मान्यता र संस्कार भन्ने धारणा र कार्यनबुझिकन सामाजीक प्रकार्य र संस्कारलाई विश्लेषण गर्न सकिदैन भन्ने उनको दृष्टिकोण छ ।

डेभिड जेरी र जुलिया जेरी (२०००) ले संस्कारलाई मानविय जीवनमा दैनिक हुने अभ्यासहरू जसले पवित्र तथा सामाजीक जीवनका पक्षलाई समेटेको हुन्छ भनेका छन् । उनका अनुसार संस्कारले मानविय जीवनको सांकेतिक गुणलाई प्रकार्यमा बदल्छ ।

मानविय सामाजीक संरचनामा विभिन्न विकासात्मक गतिविधिले परिवर्तन गर्दछन् । यस्ता परिवर्तनहरू समाजमा प्रचलित संस्कार, संस्कृति, रितिरिवाज, चालचलन, भेषभूषा आदिमा देखिन्छ ।

समाजभित्र र समाज बाहिर देखापरेका आविष्कार र अन्वेषणहरूले अन्ततः साँस्कृतिक परिवर्तन स्रोतका रूपमा काम गर्दछन् । जसलाई साँस्कृतिक परिवर्तनका परिणाम नकार्न सकिदैन । वास्तवमा समाजले स्वीकार गर्ने आविष्कार र अन्वेषणहरूबाट नै साँस्कृतिक परिवर्तन निरन्तर नियमित रूपमा परिवर्तित हुँदै जान्छ । (एम्बर एण्ड एम्बर १९८५)

### २.१.२ सामाजीक साँस्कृतिक परिवर्तनको सिद्धान्त

परिवर्तन प्रकृतिको नियम हो । आज भएको कुरा भोली फरक हुनेछ । सामाजीक संरचनामा निरन्तर परिवर्तन भइरहेको हुन्छ । यो कहिल्यै रोकिदैन । परिवार, धर्म जस्ता सामाजीक समस्याहरूमा पनी निरन्तर परिवर्तन आइरहेको छ । यो सत्य हो समाज सदा परिवर्तन भइरहेको हुन्छ । यसले समय अन्तराल धेरै नयाँ अवस्थाहरू सिर्जना गरेको हुन्छ । सामाजीक परिवर्तनको प्रकृती सामाजीक हुन्छ । यो सार्वभौमिक घटना हो । यसको गति असमान एवं तुलनात्मक हुन्छ । यो नियमीत प्रक्रिया र जटिल तथ्य हो र स्वस्फुर्त हुने प्रक्रिया पनी हो । परिवर्तनशीलता समाजमा यत्रतत्र दृष्टिगोचर हुन्छ । परिवर्तन भनेको पुरानो समाज र सामाजीक सम्बन्धको अवसान नयाँको जन्म र निर्माण हो । सबै कालमा सबै व्यक्ति समाज र सामाजीक सम्बन्ध ऐतिहासिक रूपले निर्माण हुन्छन् । समाजको परिवर्तनशीलता र नविनताको जन्म र वयस्कता अन्य क्षेत्रमा पनि देख्न, सुन्न र बोध गर्न पाइन्छ । समाज र सामाजीक सम्बन्धबारे सबैभन्दा आमसत्य यिनको परिवर्तन शिलता नै हो । यहाँ परिवर्तन शब्दले कुनै चिज या बस्तुमा समय अन्तरालमा आउने फरकपन भन्ने बुझिन्छ । त्यसैले सामाजीक परिवर्तन भन्नाले समय अन्तरालमा सामाजीक प्रक्रिया वा सम्बन्धमा आउने परिवर्तन भन्ने वुझिन्छ । सामाजीक परिवर्तन भन्नाले मानिसको व्यवहार सामाजीक सम्बन्ध वा सामाजीक वनावटमा समयका क्रममा आउने परिवर्तन हो । सामाजीक

परिवर्तनलाई धेरै समाजशास्त्रीहरूले विभिन्न किसिमले परिभाषित गरेका छन् । गिलिन र गिलिनका अनुसार सामाजीक परिवर्तन जिवनकको स्वीकृत रित एव्म परम्परामा आउने परिवर्तन हो । चाहे त्यो भौगोलिक अवस्थितिमा होस् वा साँस्कृतिक साधनहरूमा तथा जनसंख्याको वनोटमा होस् वा विचारधारामा अथवा समूहभित्र प्रसार वा आविस्कारले ल्यायको होस् । डेविसका अनुसार साँस्कृतिक परिवर्तन संस्कृतिका सबै पक्ष जस्तो कला, विज्ञान, प्रविधि, दर्शन आदिमा आउने परिवर्तन सांस्कृतिक परिवर्तन हो । यसका साथै सामाजीक संगठनको नियम र स्वरूपमा परिवर्तन आउनुलाई पनि साँस्कृतिक परिवर्तन भनिएको छ । यस परिभाषामा संस्कृतिका अथवा भौतिक र अभौतिक संस्कृतिका केहि वा सबै पक्षमा आउने परिवर्तनलाई सांस्कृतिक परिवर्तन भनिएको छ ।

मेकाइवर (१९७२) का अनुसार “मानविय सम्बन्धमा परिवर्तन आउनु सामाजीक परिवर्तन हो ।” जिन्स वर्गका अनुसार “सामाजीक संरचना जस्तो समाजको आकार, बनावट वा यसका भागको सन्तुलन वा यसका संगठनका प्रकारमा आउने परिवर्तनलाई म सामाजीक परिवर्तन भन्ने बुझ्दछु ।” त्यस्तै जेन्सको अनुसार “मानिसको सोचाई र कार्य प्रणालीको तरिकामा रूपान्तरण आउनु सामाजीक परिवर्तन हो ।”

त्यस्तै जेनसनका अनुसार “सामाजीक परिवर्तन मानिसको गराई र सोचाईको तरिकामा आउने परिवर्तन हो ।” सामाजीक परिवर्तनहरूका निश्चित विशेषताहरू हुन्छन् । यो एउटा प्रक्रिया हो यो प्रत्येक समाजमा पाइन्छ । कुनै पनि समाज स्थिर रहदैन । सामाजीक परिवर्तन समूहमा हुने परिवर्तन हो । सामाजीक, साँस्कृतिक परिवर्तनको दर सबै समाजमा एकै किसिमको हुँदैन । समाज पिच्छे यसको दरमा विभिन्नता पाइन्छ । सामाजीक, साँस्कृतिक परिवर्तनलाई यसरी नै हुन्छ भनेर भविष्यवाणी गर्न सकिदैन । समाजको एउटा तत्वमा आएको परिवर्तनले अर्को तत्वलाई असर गरेको हुन्छ । सामाजीक परिवर्तन हुँदा एउटा जटिल प्रचलित परम्परालाई अर्को प्रचलित तरिकाले विस्थापित गरेको हुन्छ । पहिला प्रचलित टागालाई अटो मोवाइल, पुराना औषधी प्रयोग गर्ने विधिलाई नयाँ विधिले र तानाशाही व्यस्थालाई प्रजातान्त्रिक व्यवस्थाले विस्थापन गरेको छन् ।

सामाजीक परिवर्तनका तह र आयाम कार्यकारक सम्बन्धमा गाँसिएका हुन्छन् । एक तहमा भएको परिवर्तन अर्को तहको परिवर्तनको कारक बन्छ । व्यक्तिमा भएको परिवर्तनको हाल परिवार, समुदाय हुँदै मुलुक र विश्वमा ठोकिन्छ र तिनको पुनगठन परिवर्तनको छाप

विभिन्न तह हुँदै व्यक्तिमा पर्छ अनी व्यक्ति पुर्नगठित हुन्छ । समाज पुर्न गठन हुने तर यसको छाप समाजका विभिन्न तहमा नपर्ने भन्ने पनि हुँदैन किनभने व्यक्ति र समाज अन्योन्याशित छन् ।

साँस्कृतिक परिवर्तन भन्नाले व्यक्तिले आफ्नो जिवन निर्वाहको लागि निमार्ण गरेका मुल्य, परम्परा, विश्वास, कानुन, भेषभुषा, प्रथा, भाषा आदिमा हुने परिवर्तनलाई बुझाउँछ । यसरी मानव-मानव बीचको आपसी सम्बन्ध व्यवहार, अन्तरक्रिया र मानवले आफ्ना आवश्यकता परिपुर्तिका लागि निमार्ण गर्दै आएका परम्परा, विश्वास, भेषभुषा, कानुन, कला, नैतिकता आदिमा आउने परिवर्तनलाई नै साँस्कृतिक परिवर्तन भनिन्छ ।

### २.१.३ साँस्कृतिक परिवर्तनका सूचकहरू

सांस्कृतिक परिवर्तनका विभिन्न सुचकहरू रहेका छन् । यस अन्तर्गत आर्थिक पक्ष, प्रविधि, पश्चिमिकरण, आधुनिकिकरण, बसाइसराई इत्यादी रहेका छन् । यसलाई तल विस्तृत रूपमा वर्णन गरिएको छ ।

### १. आर्थिक पक्ष

कार्ल मार्क्सका (१९६३) अनुसार अर्थव्यवस्था वा आर्थिक सम्बन्धले सामाजीक, सांस्कृतिक सम्बन्धमा परिवर्तन ल्याउँछ । प्रत्येक सामाजीक क्रियाको केन्द्र विन्दु आर्थिक पक्ष हो । आर्थिक स्वरूप र धरातलकै आधारमा विकास भएको सम्बन्धले सामाजीक व्यवहार, मान्यता, क्रियाकलाप र दृष्टिकोणको विकास हुन्छ । यस्तो अवस्थामा आर्थिक तत्वलाई सामाजीक, साँस्कृतिक परिवर्तनको कारक तत्व मान्न सकिन्छ ।

अर्थतन्त्रको आर्थिक व्यवस्था र आर्थिक अवस्थाले सामाजीक, साँस्कृतिक व्यवस्थामा परिवर्तन गराउन भुमिका निर्वाह गर्दछन् । सामाजीक व्यवस्थाको जग नै आर्थिक व्यवस्थामा अड्किएकोले सामाजीक, साँस्कृतिक परिवर्तनमा आर्थिक पक्षलाई महत्वपूर्ण कारक तत्वका रूपमा लिन सकिन्छ । (रेग्मी, १९९९)

### २. प्रविधि

आजको समाजमा विभिन्न किसिमको विकासले नयाँ हलचल ल्याएको छ । प्रविधिको विकासको कारण नै समाज विकासको कुन तहसम्म पुगेको छ भनेर मुल्याङ्कन गरिदैछ ।

समाजमा विकास गरिएका प्रविधिले आज मानिस चन्द्रमामा सफल अवतरण गरिसकेको अवस्था छ । उत्पादनमा अत्याधिक वृद्धि गर्न सकिने प्रविधिको विकास भएको छ । यसैले गर्दा विश्व बजारलाई केन्द्र बनाएर ठूलो परिमाणमा उत्पादन भएका वस्तु तथा सेवाहरू विश्वभरी घुमिरहेका छन् । जसले गर्दा प्रविधिको विकास गर्न नसक्ने राष्ट्र तथा समाज पनि त्यसबाट प्रभावित भएको छ । उद्योग धन्दा, कलाकारखाना, बिजुली, औषधी विज्ञान, सञ्चारका साधन कम्प्युटर विज्ञान आदिले मानव समाज र संस्कृतिलाई अप्रत्यासित रूपमा नै परिवर्तन गरेको महसुस गर्न सकिन्छ ।

### ३. पश्चिमिकरण

युरोप तथा अमेरिका बाहेकका देशहरूले ती देशहरूको सामाजीक, साँस्कृतिक, राजनैतिक, धार्मिक लगायत अन्य कार्यप्रणाली, तरिका र मान्यतालाई अवलम्वन गर्न वा नक्कल गर्ने प्रक्रिया पश्चिमिकरण हो । विज्ञान प्रविधि देखि आर्थिक र सामाजीक विकासको क्षेत्रमा पश्चिमी राष्ट्रहरू बढि विकसित भएका कारण चाहेर र नचाहेर पनि पश्चिमी प्रभाव अन्य देशहरूमा परेको छ ।

एम एन. श्रिनीवास (१९९२) ले पश्चिमी खानपान, लवाई, शिक्षा, मेशिन, यन्त्र, खेलकुद, मूल्य जस्ता पक्षलाई अनुकरण गर्ने प्रक्रिलाई पश्चिमिकरण मानेका छन् । वर्तमान समयमा भाषा, संगीत, कला, गायन, खानपान, पोशाक जस्ता तरिकामा पश्चिमी शैलिको प्रभाव परेको छ । जब एउटा कुनै पनि संस्कृतिमा यस्ता प्रभावहरू पर्दछन् भने त्यस समाजमा परिवर्तन आउनु स्वभाविक मानिन्छ ।

### ४. आधुनिकीकरण

आधुनिकीकरण समाज विकासका क्रममा एउटा त्यस्तो प्रक्रिया हो । जुन प्रक्रिया अनुसार समाज परम्परागत शैलिबाट वैज्ञानिक विकासतर्फ, सरल र एकरूपताबाट जटिल र बहुरूपता तर्फ, गुजारा, कृषि प्रणालिबाट वैज्ञानिक कृषि प्रणाली र औद्योगिक विकासतर्फ क्रमसँग रूपान्तरण हुने गर्दछ ।

आधुनिकीकरणका सम्बन्धमा अर्थशास्त्री डब्लु डब्लु रोस्ट्री (१९९१) ले समाज विकासको तहमा जोड दिएको पाइन्छ । उनले समाज सुरुको समयमा प्रारम्भीक अवस्थामा हुन्छ भने आधुनिकीकरणको यो प्रक्रियासँग समाज विकासको प्रक्रिया पनि अगाडि बढ्ने तर्क राखेका छन् ।

निल जे स्मेलसर (१९९३) ले कृषि, उद्योग, पर्यावरण र साधारण सामाजीक वातावरणको विकसित तर्फको रूपान्तरणको प्रक्रियालाई आधुनिकीकरणको प्रक्रिया मानेका छन् ।

वास्तवमा आधुनिकीकरण कुनै नक्कल नभई समाज बढि शिक्षित, वैज्ञानिक, उत्पादनमुखी र सम्पन्नताको स्तरमा पुग्न समुदाय स्तरबाटै थालिने प्रयासहरू हुन् । यस क्रममा धार्मिक कट्टरताहरू प्रतिको सोचाईका लयकता आउँछ । राजनैतिक स्वतन्त्रता र प्रजातान्त्रिक शाशन पद्धतिको विकास गरिएको हुन्छ । शिक्षा, विज्ञान, भाषा, कला, साहित्य तथा सामाजीक मुल्य र मान्यताप्रतिको विकास भएको हुन्छ । यस्तो अवस्थामा आधुनिकिकरणलाई साँस्कृतिक परिवर्तनको कारक तत्व मान्न सकिन्छ ।

### ५. बसाईसराई

कुनै एक स्थानबाट अर्को ठाउँमा अस्थायी वा स्थायी रूपमा बसोबास गर्ने/सर्ने प्रक्रियालाई बसाईसराई भनिन्छ । आफ्नो जन्मस्थान वा बसोबास गर्दै आएको ठाउँलाई छोडेर अर्को ठाउँमा बसोबास गर्ने प्रक्रियालाई बसाईसराई भनिन्छ । एउटा व्यक्ति, परिवार, समूह, समुदाय आर्थिक तथा जीवन उन्नतिका आकाँक्षा वा अन्य कुनै कारणवस आफू बस्दै तथा रहदै आएको स्थान छोडी अन्यत्र स्थानमा बसोबासका लागि जाने तथा सबै प्रक्रिया बसाईसराई हो ।

मानवशास्त्रमा बसाईसराई एउटा सामाजीक घटना तथा प्रक्रिया हो । जुन सार्वभौमिक एवम् निरन्तर रूपमा चल्दछ । यसले सामाजिक, साँस्कृतिक संरचना, प्रणाली, जीवनशैली व्यवहार अन्तरक्रिया आदि विभिन्न पक्षमा परिवर्तन ल्याउँछ ।

## २.२ सांस्कृतिक पक्ष

वर्तमान विश्व नै परिवर्तनशिल नियममा आधारित छ । प्राचीन आवस्थाको समाज समय अन्तरालमा परिवर्तन हुँदै गयो । प्रारम्भको घुमन्ते समाजले आगोको आविस्कार गरेर समाजमा निकै ठुलो परिवर्तन ल्याएको थियो । त्यसपछि खाना पकाउने र सेकाउने गरियो । बसोबासको स्यायित्वले  पशुपालन तथा खेती प्रणालिको विकास गराउँदै समाज औधोगिक विकासतर्फ लाग्यो । यो लामो समाज विकासको प्रकृयामा कैयौं संस्थाहरू, नाता सम्बन्ध, प्रचलनहरू, नियमकानुनहरू, कार्यप्रणालीहरू, व्यवहार तथा अन्तरसम्बन्धको विकास हुँदै

परिवर्तन र परिस्कृत भएर अगाडी बढेको पाइन्छ । यसै क्रममा समुदाय सरलताबाट जटिल, एकरूपता बाट बहुरूपता, एकल प्रयोगवाट  बहु प्रयोगमा छनोट, साधारण प्रविधिबाट उच्चस्तरीय प्रविधि प्रयोग गर्न सक्ने हैसियतमा वृद्धि भयो ।

यसरी समाजको आवश्यकता र चाहना परिपुर्ती गर्ने क्रममा सामाजीक इकाइको जन्म र तिनमा परिवर्तन आउँदछ । सामाजीक संरचना तथा संस्कृतिक सम्बन्धमा परिवर्तन आउनुलाई हामी सांस्कृतिक परिवर्तन भन्दछौ ।

सांस्कृतिक परिवर्तन सर्वव्यापी नियम हो । त्यसैले यो प्रत्येक कालखण्ड र समाजमा कुनै कुनै रूपले यो परिवर्तन हुन्छ । सामाजीक तथा सांस्कृतीक परिवर्तनको गति, स्वरूप र प्रभावलाई पुर्वानुमान गर्न नसकिनु, विभिन्न घटनाले यसलाई परिवर्तन गराउने हुदाँ साँस्कृतिक परिवर्तन हुन्छ । यसरी साँस्कृतिक ढाँचाको परिवर्तन श्रृङखलाबद्ध रूपबाट कुनै एउटा पक्षमा परिवर्तन आउँदा अर्को पक्षमा त्यसको प्रभाव पर्दछ ।

मानविय जिवनपद्धतिको तरिका नै संस्कृति भएकोले सामाजीक मुल्य, मान्यता, परम्परा, संस्कार, भाषा, कला, भेषभुषा, प्रविध, उत्पादनको तरिका, कानुन, नैतिक पक्ष सोचाई दृष्टिकोण आदिमा आउने परिवर्तन नै साँस्कृतिक परिवर्तन हो । सांस्कृतिक परिवर्तनका कारक तत्वहरूमा साँस्कृतिक प्रसार, सम्मिश्रण, बसाईसराई र विकासका प्रक्रियालाई मान्न सकिन्छ । यसरी नै प्रविधिको विकासले पनि संस्कृतिको रूपान्तरणमा प्रभाव पार्दछ । यो स्वभाविक नियम भए तापनि वाह्य प्रभावले सांस्कृतिक मान्यता, व्यवहार र प्रचलनमा परिवर्तन ल्याउँछ । त्यसैले साँस्कृतिक परिवर्तन निरन्तर चलिरहने प्रकृया, सिङ्गो जीवन र व्यवहारमा परिवर्तन, प्रसार, अनुकुलन, विकास र परसंस्कृति ग्रहण व्यापक परिवर्तन, सामान्य नियम, सामाजीक परिवर्तनमा सहयोग भौतिक र अभौतिक परिवर्तन तथा लवाई खुवाईमा परिवर्तन नै यसका विशेषताहरू हुन । सांस्कृतिक परिवर्तन खानपान, लवाई खवाई, मुल्य मान्यता नयाँ नयाँ प्रविधिको विकास, उत्पादनको तरिका, मन्दिर तथा गुम्बा आदि प्रतिको मानवीय सोचाई, पुजा-आजा, नयाँ-नयाँ उपचारको प्रयोग, भाषा, कला, कृषीको बनोट, शिक्षा, सामाजीक न्याय, लैङ्गिक विभेद आदिमा आएको परिवर्तनलाई मान्न सकिन्छ ।

### २.२.१ पराजुली समुदायको सामाजीक इतिहास

श्रीभद्र पराजुलीद्वारा लिखित पराजुली वंश दर्पण पुस्तकमा पराजुली समुदायको इतिहास केलाइएको छ उक्त पुस्तकमा पराजुली समुदायको बारेमा लेखिएको छ कि, कतै सुखसुविधा प्राप्त गर्ने हेतुले हो भने कतै धर्म बचाउने कतै राज्य कलह र कतै भाइभाई बिचको झगडाको कारण मानिस एक ठाँउबाट अर्को ठाँउमा स्थानान्तर हुँदै आएको पाइन्छ । नेपालको पश्चिम कर्णाली प्रदेशबाट यहाँ रहने विभिन्न थर र जातिहरू पश्चिमबाट पूर्वतर्फ लागेको पाइयो यसैक्रममा काली गण्डकीको तिरैतिर जयदेव खानसँग शुशरन पराजुली तथा अन्य व्यक्तिहरू गरी १२४ जना मानिसहरू कास्की जिल्लामा प्रवेश गरेका थिए । सम्वत ११११३ वैशाख १४ सुदी ४ मा मुख्य गुरु सुशरन पराजुलीले जयदेव खानलाई राज्यभिषेक गराई कास्कीलाई स्वतन्त्र राज्य घोषणा गरेको पाइन्छ । यसरी नै कुलाराम पराजुली, शुकाराम पराजुली पनी कास्की राज्यको मुख्य गुरु भई काम गरेका थिए । राजा जयदेव खानले यस कास्कीकोटमा राज्य सुरक्षित देखि यहाँ बस्न मन पराय, यस वेला पराजुलीहरू राजगुरु भएर काम गरेका थिए । जुम्लामा पराजुल भन्ने ठाउँ छ । त्यही ठाँउमा बसोबास भएको हुदो पराजुलीमा बस्नँ जाँदा पराजुली भएको भनाई छ । पाराका जुम्ली भएर पराजुली भएको पनि भनिन्छ । डोर बहादुर विस्टद्धारा लिखित पुस्तक सबै जातको फुलबारीमा विस्टद्धारा दैलेखमा दुई वटा गाउँ थियो जसको नाम अवल पराजुल र डाँडा पराजुल रहेको जुन ठाउँबाट नै पराजुली थर रहेको हुनसक्ने उल्लेख छ । पराजुली थरका ब्राह्मणहरू नेपालको पहाडदेखि मध्य पहाड, पूर्व पहाड र तराई क्षेत्रसम्म फैलिएर रहेका छन् । साथसाथै पश्चिम बङ्गालका पर्वतिय क्षेत्र, सिक्किम, आसाम, मेघालय, भुटान आदी भेगसम्म र अझ उता वर्मा, भुटान, हङकङ र बुनाइसम्मको वस्तीहरूमा समेत वसेको पाइछ । यसरी हेर्दा पराजुली समुदायको उत्पती नेपालमा कर्णाली बाट भएको मान्न सकिन्छ ।

परापूर्वकालमा पश्चिम जुम्ला, हुम्ला हुँदै कास्की पोखरा आएका पराजुलीका पुर्खावाजेका सन्तान मध्ये कुनै भाई बसाई सर्दै कास्कीको चापाकोट र चैनपुर, कुनै भाई लम्जुङ्ग तिर गएका रहेछन् । त्यही बसाई सर्ने क्रममा आफुहरूलाई अनुकुल पर्ने ठाँउको खोजी गर्दै कुनै भाई कास्कीबाट कुनै भाई लमजुंगबाट काठमाण्डौ, भोजपुर, धरान, विराटनगर, काभ्रे, ज्याम्दी, भक्तपुर, भोजपुर, तेह्रथुम, संखुवासभा, ताप्लेजुँङ्ग, उदयपुर, इलाम, नवलपरासी म्यागदी, खोटाङ्ग, दैलेख, प्युठान, गोरखा, पर्वत, तनहुँ, ललितपुर, मकवानपुर, पर्सा,

सप्तरी, सुनसरी, मोरङ, झापा, पाँचथर, धनुषा, आदी नेपालका विभिन्न जिल्लामा पराजुलीहरू बसोबास गरेको पाइन्छ । पोखराका पराजुलीहरू हाल मिरुवा, नदिपुर, अर्चलवोट, कालीमाटी चोक, चिप्लेढुङ्गा, गैह्रापाटनमा फैलिएर बसोबास गरेको पाइन्छ । त्यस मध्ये धेरै संख्या मिरुवामा बसेको देखिन्छ ।

पराजुलीहरूका देवता विन्ध्यवासिनी इष्टदेवता भगवती देवी हुन र पराजुली समाजको कुल देवता मस्ट बराह हुन् । उनीहरू सोमबारलाई वारना बार मान्छन् । पराजुली हरूको कुल देवता पुजा ३-३ वर्षमा हुन्छ । एक-एक वर्षमा उनीहरू पृथ्वीनारायण क्याम्पस मा अवस्थित भिमकाली पाटन मा पुजा गर्ने गर्दछन् । उनीहरू दशै, तिहार, जस्ता चाडपर्व मनाउँछन् । पराजुली हरूलाई राजा कुलमण्डल शाहले आफ्नो राजगुरु भएकाले निलम्वर पराजुलीलाई पोखराका जमीनहरू विर्ता स्वरूप दिएका थिए जुन आजसम्म पनी पराजुली वंशले उपभोग गर्दै आएका छन् । उक्त विर्ता जग्गा हालको सेती नदीको पश्चिमी भाग, भिमकाली पाटन (हालको पृथ्वीनारायण क्याम्पस समेत) वगर, वागवजार, पुरानो टुडिखेल, निवृवाघारी, गाईघाट, सिम्पानी, लाम्पाटा, कस्यारी, जोवरी, समेतका सबै क्षेत्र ओगटने जग्गा हुन् ।

यी विर्ताकलाका सन्तानहरू जसलाई साठीघरे पराजुली भनिन्छ । यिनिहरू मिरुवाली, अर्चलवोटे, नदिपुरे र डँडाली कहलिन्छन् ।

### २.२.२ पराजुलीहरूको पुर्ख्यौली पेशा

पराजुली वंश दर्पण पुस्तकमा गरिएको उल्लेख अनुसार कास्कीमा पश्चिम कर्णाली प्रदेशबाट संवत १११३ मा कालिगण्डकीको तिरैतिर जयदेव शाहसँग आए जयदेव शाहले वि.सं १११३ बैसाख १ सुदी ४ मा कास्कीलाई स्वतन्त्र एक कास्की राज्य घोषणा गरे यहाँ प.शुसरण पराजुलीले राज्य भिषेक गराएका थिए । कास्कीमा लामो समय पराजुलीहरू राजगुरु भई बसेको इतिहासमा पाइन्छ । राजाको पुरोहित मुल गुरु भएको समय हालको कास्की गा.वि.स वडा नं.२ मा पर्ने साउने पानी र ओखरा भन्ने ठाँउमा कास्की राजाले दिएको वितार्मा घर बनाई बसेका थिए । यहाँबाट कोही गोरखा, कोही लम्जुङ्ग राजाले पुरोहित बनाउन लगेको थिए यसरी पराजुली समुदाय पुर्खा देखिको धेरैले गर्ने पेशा भनेको पुरोहित हो त्यसका साथसाथै पराजुलीहरू पुरोहितका साथसाथै कृषि, आयुर्वेद उपचारकर्ता, शिक्षक जस्ता पेशाहरू पनि उनीहरूले गर्दै आएका थिए । उनीहरूसँग जग्गा जमीन प्रशस्त भएको कारण

पनी कृषिमा संलग्न भएका थिए । आज वर्तमान भन्दा २ पुस्ता अगाडी सम्म धेरै जना पराजुलीहरू संस्कृत पढी पुरोहित भई पुरोहित काम गरेका थिए ।

## २.३ पूर्व साहित्यको समिक्षा

नेपालमा समाज तथा मानव शास्त्रीय अध्ययन संस्थागत रूपमा सुरु भएको सन् १९८१ देखि हो । केहि विदेशी विद्धानहरूबाट २००७ साल अगाडि पूर्वाधारको रूपमा केहि अध्ययनहरू भएको पाइन्छ । केहि पश्चिमा विद्धानहरूले गरेको अध्ययन जातीगत व्यापारिक तथा अन्य विविध विषयका थिए । उतिबेलाको अध्ययन पर्यटक, तिर्थयात्रु इशाई भिशनरी तथा भारत स्थित अंग्रेज कर्मचारीहरूबाट विविध विषयमा भएको थियो । वि.सं. २००७ को परिवर्तन पछि नेपाल बाहिर संसारको खुल्ला सम्बन्ध भएपछि मात्र स्वदेशी तथा विदेशी विद्वानहरूबाट नेपालको समाज तथा मानवशास्त्रीय अध्ययन शुरु भएको थियो । विदेशी विद्वानहरू सेडन् (१९८०), ह्यामन डोर्फ, (१९६६), पि कप्लान, हडसन आदिले नेपालको सामाजीक परिवर्तन र जातजाती सम्बन्धी अध्ययन गरेका थिए । नेपाली विद्वानहरूमा डोर बहादुर विष्ट (१९७३), प्रा.जी.एस. नेपाली (१९६०), डा. गणेशमान गुरुङ्ग (१९८२), डा. डिल्लीराम दाहाल (१९८४), डा. प्रेम कुमार खत्री (वि.स. २०३६), डा. नविन कुमार राई (१७७२), डा. ऋषि केशवराम रेग्मी (१९८५) आदि रहेका छन् ।

तर पराजुली समुदायको अध्ययन एकदमै कम भएको छ । नेपालमा ब्राह्मणहरूको अध्ययन एकदमै कम छ र पोखरा उपमहानगरपालिकाको पराजुलीहरूको बारेमा अध्ययन गरेको कुनै कृति नपाइएता पनि पराजुलीहरूको वंश, चौतारी, पराजुली वंश दपर्ण पुस्तक प्रकाशनबाट केहि पूर्व साहित्य समिक्षा गरिने प्रयास गरिएको छ ।

श्रिभद्र पराजुली (२०७१) ले लेखेको पुस्तक 'पराजुली वंशदपर्ण' मा पराजुलीका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा उहाँका अनुसार पराजुलीका पुर्खाहरू प्रारम्भमा पश्चिम नेपालको जुम्ला, दैलेख, सुर्खेत क्षेत्रतिर बसोबास गरेका र त्यहाँबाट कुनै हाँगो कास्कीमा आएको बताउनु भएको छ । उहाँले पराजुलीको पुर्ख्यौली पेशा, पराजुलीहरूको संस्कृति संस्कारहरू, वंशावली, आर्य र पराजुली सम्बन्ध जस्ता कुराहरूको चर्चा पुस्तकमा गर्नुभएको छ ।

विष्ट (२०००) ले 'सबै जातको फूलबारी' मा दैलेखमा २ वटा गाउँ थियो जसको नाम अवल पराजुल र डाडाँ पराजुल रहेको भन्नु भएको थियो त्यस पराजुलमा बस्नेलाई पराजुली भनिएको हुन सक्ने बताउनु भएको छ ।

आजसम्म पराजुली समुदायको थोरै मात्र अध्ययन भएको छ । पोखरा उपमहानगरपालिकाका पराजुलीहरूको साँस्कृतिक पक्षको अनुसन्धान अझसम्म भएका छैनन् । त्यसकारण यो अध्ययनले उक्त क्षेत्रका पराजुलीहरूको सामाजीक, आर्थिक र साँस्कृतिक अवस्थामा आएको परिवर्तन विश्लेषण गर्न सहयोग पुऱ्याउने छ ।

पूर्व साहित्यको अध्ययन गरिसकेपछि यस कुरा प्रस्ट हुन आउँछ कि सिंगो सामाजीक व्यवस्था एउटा पद्धती हो यहि पद्धती भित्रका व्यवहार, क्रियाकलाप, सम्बन्ध, निर्भरता र अस्तित्व त्यसका विश्लेषण हुन तथा सिंगो सामाजीक परिस्थिति एउटा व्यवस्था हुन् र त्यस व्यवस्था संचालनका लागि विभिन्न उपभागहरू संलग्न हुन्छन् । जस्तै समाज एउटा संरचना हो र समाज भित्रको जिवन पद्धती, संस्कार, संस्कृतिहरू त्यस संरचनाको उपभाग हुन् जसले प्रकार्य गर्छ र त्यस संरचनालाई टिकाइ राख्छ यसरी नै यस अध्ययनमा पनि पराजुली समुदायलाई एउटा संरचना मानेर त्यस भित्र रहेका जिवन पद्धती, संस्कार, संस्कृतिहरूलाई उपभाग मानी यस अध्ययन गरिएको छ जुन संरचनात्मक प्रकार्यवाद सिद्धान्त अनुसार रहेको छ । साथसाथै यस अध्ययनमा सांस्कृतिक परिवर्तनको सिद्धान्त पनि पराजुली समुदायसँग सम्बन्धित गरेर अध्ययन गरिएको छ । पूर्व साहित्यको अध्ययन अनुसार साँस्कृतिक परिवर्तन भन्नाले व्यक्तिले आफ्नो जिवन निर्वाहको लागि निर्माण गरेका मूल्य, परम्परा, विश्वास, कानुन, भेषभुषा, प्रथा, भाषा हुने परिवर्तनलाई बुझाउँछ र त्यो परिवर्तन हुनका लागि विभिन्न सुचकहरू जस्तै आर्थिक पक्ष, प्रविधी, पश्चिमीकरण, आधुनिकिकरण, बसाईसराईले प्रभाव पार्छ भनेर उल्लेख छ जुन सिद्धान्तलाई पराजुली समुदायमा लागु गरी यस अध्ययन गरिएको छ । जसमा पराजुली समुदायको संस्कृतिहरू, संस्कारहरू, खानपान, लवाई, कसरी परिवर्तन भएको छ र त्यो परिवर्तन हुन सुचकहरूले कसरी प्रभाव पारेको छ भनेर अध्ययन गरिएको छ । जसमा पश्चिमीकरण, औधोगिकरण, आधुनिकीकरण, आर्थिक पक्ष, शिक्षा, सञ्चार प्रविधी जस्ता साँस्कृतिक परिवर्तनका सुचकहरूलाई अध्ययन गरिएको छ ।

# अध्याय – तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान क्षेत्रको परिचय

यस शोधपत्रले पोखरा उपमहानगरपालिकालाई मुख्य अध्ययन क्षेत्र मानेको छ । पोखरा उपमहानगरपालिकामा २९ वटा वडाहरू रहेका छन् । पोखराको जनसंख्या सन् २०१३ का अनुसार २ लाख ६४ हजार ९ सय ९१ रहेको छ । यहाँ विभिन्न जातजाती रहेका छन् । सन् २०१३ को तथ्याङ्क अनुसार यहाँ बाहुन २२.६३%, गुरुङ २१.६२%, मगर ८.२०%, क्षेत्री १५.३५%, दलित ८.७१% रहेको यहाँ नेवार, मुस्लिम, तामाङ थकाली आदि जातजाती छन् । जुन ब्राह्मणहरूमध्ये पराजुली समुदाय ब्राह्मण जात भित्र पर्दछन् । उनीहरू पोखरामा बसोबास गर्ने पुरानो बासिन्दा छन् । कास्की जिल्लामा पोखरामा बसोबास गर्ने पराजुलीहरू पुराना बासिन्दा भएका कारण यिनिहरूले अवलम्बन गरेका संस्कार, संस्कृति र त्यसमा आएको परिवर्तनको अध्ययन गर्नु रहेको छ । यस क्षेत्रमा गरिएको अध्ययनले शोधपत्रको उद्देश्यलाई पुरा गर्ने आशा लिइएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनले पराजुली समुदायमा देखिएको साँस्कृतिक परिवर्तनको पहिचान गर्न र साँस्कृतिक परिवर्तनको मुख्य तत्वहरू खोजी गर्नमा केन्द्रित भएका कारण विवरणात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरिएको छ ।

## ३.३ समग्र र नमुना

पोखरा उपमहानगरपालिकालाई अध्ययन क्षेत्रका रूपमा छनौट गरिएको थियो जहाँ सिम्पानी, मिरुवा, अर्चलवोट, प्रस्याङ्ग, नदिपुर, सिदार्थचोक, चिप्लेढुङ्ङ्गा, गैह्रापाटन, रामबजार, कुँडहर आदि ठाउँका उत्तरदाता छनौट गरिएको थियो । ११७ घरधुरी भएकाले उत्तरदाताको

रूपमा ११७ घरधुरी छनौट गरिएको थियो । सम्पूर्णको अध्ययन गरिने हुनाले जनगणना विधिको प्रयोग गरिएको थियो ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनमा उद्देश्य अनुरूप गुणात्मक संख्यात्मक दुवै प्रकृतिका तथ्याङ्कहरूलाई प्राथमिक तथा द्वितिय स्रोतबाट संकलन गरिएको थियो । जसअनुसार प्राथमिक तथ्याङ्कहरू कार्यक्षेत्र अध्ययनको क्रममा अपनाइने विविध विधिहरू उपयोग गरी संकलन गरियो । अध्ययन क्षेत्रको निरिक्षणबाट, छनौट भएका उत्तरदातासँग अन्तरवार्ता, अवलोकन आदि कार्यहरू सम्पन्न गरिएको थियो । द्वितिय तथ्याङ्कहरू भने विभिन्न प्रकाशित अप्रकाशित सामाग्रीहरू, पुस्तकहरू, रिपोर्टहरू कार्यालय प्रकाशित तथ्याङ्कहरू विभिन्न योजना तथा कार्यक्रमहरूबाट आवश्यकता अनुसार संकलन गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन विधि

कार्यक्षेत्रको आधारमा प्राथमिक तथ्याङ्क संकलन गर्न यस अनुसन्धानमा अध्ययनको परिपुर्तिका निमित्त अन्तरवार्ता अनुसूची, अवलोकन, मुख्य सूचनादातासँगको अन्तरवार्ता जस्ता विधिको उपयोग गरिएको थियो ।

### ३.५.१ अन्तरवार्ता अनुसूची

यो विधि मार्फत् तथ्याङ्क संकलन गर्दा छनौट भएका घरधुरीमा गई उक्त परिवारका घरमुलीसँग अन्तरवार्ता गरियो । तथ्याङ्क संकलन गर्दा साँस्कृतिक पेशागत परिवर्तनको सम्बन्धमा आफ्नो विचार राख्न सक्ने नसक्ने सबै व्यक्तिहरूसँग अन्तरवार्ता गरियो । अन्तरवार्ताका लागि अनुसन्धान प्रश्नावलीहरू आवश्यकता अनुसार संरचित तथा असंरचित ढाँचामा तयार पारिएको थियो । यसरी तयार पारिएको प्रश्नावलीमा उत्तरदाताको सामान्य परिचय, पेशा, पारिवारिक संरचना, शैक्षिक, साँस्कृतिक र सामाजीक अवस्था बुझ्ने किसिमका खुल्ला तथा बन्द दुवै प्रश्नहरू सिलसिलेवार ढङ्गमा मिलाएर राखिएको थियो र त्यही अनुरूप प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको थियो ।

### ३.५.२ अवलोकन

अनुसन्धान गर्दा प्रमुख स्रोतका रूपमा अवलोकनलाई पनि लिइन्छ । यस अध्ययनमा अनुसन्धानकर्ता स्वयमले कार्यक्षेत्रको अध्ययन गरिएको थियो । अनुसन्धानकर्ताले तथ्याङ्क संकलन गर्दा उत्तरदाताको घर परिवारहरू स्पष्ट देखिने सुचनाहरू, पारिवारिक क्रियाकलाप, लवाईखुवाई, घरको बनावट, उत्तरदाताको व्यवहार, हाउभाउ उत्तरदिने शैली, उत्तर दिदाँको उत्तरदाताको अनुहार जस्ता कुराहरूको आधारमा उत्तरको सत्यता, परिवारमा काम गर्ने शैली, पारिवारिक वातावरण, उत्तरदाताको मनोविज्ञान आदि कुराहरूको अवलोकन, गरी सुचना एवं तथ्याङ्कहरू संकलन गरिएको थियो र भेषभुषा, तथा संस्कृतीको पनि अध्ययन गरिएको थियो ।

### ३.५.३ मुख्य सुचनादाताहरूसँगको छलफल

पराजुली समुदायको संस्कृति, संस्कार, इतिहास, कथाहरू बुझ्ने व्यक्ति तथा पराजुली समुदायको पुस्तक लेख्ने व्यक्ति र ६० वर्ष भन्दा माथिका व्यक्तिसँग भेटी छलफल गरी शोध तयार गरिएको हो ।

### ३.५.४ तथ्याङ्कको विश्लेषण र प्रस्तुति

सङ्कलन गरिएका गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्य परक र वोधगम्य बनाउन त्यसलाई विस्तार विश्लेषण गरिएको छ । प्राप्त हुन आएका विभिन्न प्रकृतिका तथ्याङ्कहरूलाई निश्चित गुण, विशेषण र प्रकृतिको आधारमा वर्गीकरण गरी तथ्याङ्क विश्लेषण तथा व्याख्या गरिएको छ ।

प्राप्त तथ्याङ्कहरूलाई आवश्यकता अनुसार टेबुलमा प्रस्तुत गरिएको छ । तथ्याङ्क विश्लेषणको क्रममा आवश्यकता अनुसार अनुसन्धानबाट प्राप्त अनुभव क्षेत्र कार्यको क्रममा गरिएको मुल्याङ्कन तथा अवलोकन, अनुसन्धानका क्रममा प्राप्त सुझावहरू र अनुसन्धान विषयसँग सम्बन्धित विभिन्न विषयवस्तुहरूलाई आवश्यकता अनुसार औल्याई तिनिहरूको विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

# अध्याय - चार

# अध्ययन क्षेत्र र उत्तरदाताहरूको अवस्था

## ४.१ भौगोलिक, सामाजीक र आर्थिक अवस्था

यस शोधपत्रले पोखरा उपमहानगरपालिकालाई मुख्य अध्ययन क्षेत्र मानेको छ । पोखरा एउटा भौगोलिक विविधता र सुन्दरताले भरिएको एक राष्ट्रिय तथा अर्न्तराष्ट्रिय महत्व बोकेको पर्यटकिय प्रमुख गन्तव्य स्थल पनि हो । भौगोलिक रूपले पोखरा समुन्द्री सतहदेखि ६५० मिटरमा माछापुच्छे र अन्नपूर्ण हिमालको काखमा रहेको छ । यो प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेको छ ।

कास्की जिल्लाको सदरमुकामको रूपमा रहेको पोखरा उप-महानगरपालिकामा २९ वटा वडाहरू छन् । स्थानिय स्तरमा जिल्ला प्रशासन, क्षेत्रिय प्रशासन कार्यालय रहेका छन् । यो ५.२२ वर्ग कि.मी. मा फैलिएको छ । प्राकृतिक सौन्दर्यको अलावा यहाँ विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दै आएका छन् । यहाँ धेरै प्रख्यात मन्दिर, बौद्ध स्तुपा तथा धार्मिक महत्व बोकेका देवीदेवताका मठ मन्दिरहरू छन् । यहाँ ब्राह्मण, क्षेत्रि र गुरुङ्ग समुदायको बाहुल्यता भए तापनि अन्य विभिन्न जातजातिका मानिसहरू ग्रामिण क्षेत्रबाट बसाई सरेर स्थायी बसोबास गर्ने क्रम बढ्दो छ । जसमा मगर, थकाली, लामा, दमाई, कामी जस्ता जातहरू धेरै छन् । आर्थिक रूपले पनि पोखरा शहरले प्रगति हासिल गरेको छ । विशेष गरी सूचना प्रविधि र यातायातको विस्तारले गर्दा पर्यटनको विकास पनि हुँदै गएको छ । तर राजनैतिक समस्याले गर्दा जिल्लाको विकास कार्यमा व्यवधान खडा भएको छ ।

मानव विकास प्रतिवेदन अनुसार कास्की जिल्ला आर्थिक रूपले धनी जिल्लाको रूपमा रहेको छ । ठूलो संख्यामा विट्रिस सेवामा कार्यरत नेपाली तथा विश्वका विभिन्न देशमा कार्यरत नेपालीबाट पोखरामा रेमिटान्स (विदेशी मुद्रा) भित्रिने गर्दछ । पोखरा एक पर्यटकिय गन्तव्य स्थल हो । यो नेपालको राजधानी काठमाण्डौंदेखि २०० कि.म. पश्चिममा पर्दछ । यो प्राकृतिक सुन्दरताले भरिपुर्ण छ । यहाँ सेतो हिउँका चुचुरा, ताल तलैया तथा नदीनालाहरू छन् । यसरी नै यहाँ विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । ग्रामिण क्षेत्रबाट

यहाँ बसाईसराई गर्न क्रम बढरहेको छ । पोखरामा साक्षरता दर ८३% उच्च रहेको छ । पोखराको जनसंख्या २०१३ का अनुसार २ लाख ६४ हजार ९ सय ९१ रहेको छ । पोखरामा मुख्यतया हिन्दु र बौद्ध धर्मालम्बी धेरै छन् । पोखराको जनसंख्या वृद्धिदर ५ दशमलव ४६ प्रतिशत रहेको छ । यो जनसंख्या वृद्धिदर नेपाल अधिराज्यमै सर्वाधिकमध्ये पर्छ । यहाँ घरसंख्या ४० हजार छ । सन् २०१३ को तथ्याङ्क अनुसार यहाँ बाहुन २२.६३% गुरुङ २१.६२%, मगर ८.२०%, क्षेत्री १५.३५%, दलित ८.७१% रहेको यहाँ नेवार, मुस्लिम, तामाङ, थकाली आदि जनजाती बस्छन् । लाहुरेको बसोबास बढि भएको कारण पोखरा नेपालकै महंगो शहर पनि हो र यो पर्यटकिय स्थल भएको कारण पोखरामा पश्चिमीकरणको प्रभाव पनि व्यापक छ ।

## ४.२ घरधुरी जनसंख्याको सामाजीक तथा पेशागत अवस्था

घरधुरी जनसंख्याको सामाजीक तथा पेशागत परिवर्तनमा उत्तरदाताको परिवार किसिम, संरचना, लिङ्ग, शैक्षिक स्तर तथा आर्थिक पक्षहरू रहेका छन् ।

### ४.२.१ उत्तरदाताको उमेर

अध्ययन क्षेत्रका घरधुरी उत्तरदाताको कुरा गर्दा यहाँको उत्तरदाताहरू २० वर्ष भन्दा माथिबाट सुरु भएको पाइयो त्यही उत्तरदाता संरचनाको उमेरगत आधारमा ५ भागमा विभाजना गरिएको छ । यस्तै २०-३० वर्ष, ३०-४० वर्ष, ४०-५० वर्ष, र ६० भन्दा माथि विभाजन गरिएको छ । जसलाई तालिका ४.१ मा देखाइएको छ ।

**तालिका ४.१ : उत्तरदाताको उमेर समूह**

| उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | ६ | ५.१२ |
| ३०-४० | १४ | ११.९६ |
| ४०-५० | ३७ | ३१.६२ |
| ५०-६० | ३६ | ३०.७६ |
| ६० भन्दा माथि | २४ | २०.५१ |
| जम्मा | ११७ | १००.०० |


*स्रोत : स्थलगत अध्ययन, पोखरा २०७३*

यस अध्ययनमा सबैभन्दा बढि ४०-५० वर्षका ३७ (३१.६२%) उत्तरदाता छन् । यहाँ ४० वर्षभन्दा माथिका उत्तरदाताहरू नै बढि रहेका कारण साँस्कृतिक परिवर्तनका लागि विगतका कुराहरूदेखि वर्तमान समाजसम्म आइपुग्दा कस्तो परिवर्तन भएको छ भन्ने बारेको जानकारी पत्ता लगाउन सरल भएको छ ।

### ४.२.२ परिवारको किसिम

कुनै पनी व्यक्ति जन्मेपछि उसको पहिलो सम्पर्क परिवारसँग हुन्छ । रेखदेख लालनपालन पनि परिवारमा नै हुन्छ । उसलाई कस्तो बनाउने भन्ने कुरामा परिवारकै महत्वपूर्ण भुमिका रहेको हुन्छ । त्यसै कारणले गर्दा अन्य समुदायमा जसतै अध्ययन क्षेत्रका उत्तरदाताहरूको पनि परिवार एक संस्थाको रूपमा रहेको छ । घरको जेठोपाकोले घरमुलीको रूपमा रहेको  छ । घरको जेठोपाकोले घरमुलीको रूपमा निर्णय गर्ने गरेको पाइन्छ भने परिवार सुखी रहोस् भन्ने चाहना राख्दछन् । यहाँ पोखरा उपमहानगरपालिकाका पराजुली समुदायको पारिवारिक बनोट के कस्तो छ भन्ने कुरालाई चित्र ४.१ ले स्पष्ट पारेको छ ।

**चित्र ४.१ : घरधुरी उत्तरदाताहरूको पारिवारिक संरचना**




*स्रोत : स्थलगत अध्ययन, २०७३*


तालिका अनुसार एकल वा सानो पारिवारिक ढाँचामा रहेको जम्मा परिवार ८६ (७३.५७%) रहेको छन् । त्यसैगरी मध्यम खालको परिवार यहाँ ६ देखि १२ जना संख्यामा अर्थात् संयुक्त पारिवारिक ढाँचा भएका ३१ (२६.५०%) घरधुरीहरू रहेका छन् । संयुक्त भन्दा

एकल घरधुरी पराजुली समुदायमा बढि देखियो । विभिन्न तत्वहरूको कारण संयुक्त परिवारहरू एकल परिवारमा विभाजन भएको छ । सम्पत्ति बाडफाँड आधुनिकीकरण जस्ता तत्वहरूले संयुक्त परिवारलाई एकल परिवारमा विभाजन गराएको पाइयो ।

## ४.३ लैङ्गिक संरचना

कुनै पनि तोकिएको निश्चित सिमाभित्र आवत विवरण वा संख्यालाई जनसंख्या भनिन्छ । अध्ययन क्षेत्रका घरधुरी जनसंख्याको कुरा गर्दा यहाँको लैङ्गिक संरचनालाई लैङ्गिक आधारमा पुरुष र महिलाको गरी २ भागमा विभाजन गरिएको छ ।

**चित्र ४.२ : घरधुरी जनसंख्याको लैङ्गिक स्थिती**




*स्रोत : स्थलगत अध्ययन, २०७३*

माथिको चित्र अनुसार अध्ययन क्षेत्रभित्र रहेका ११७ घरधुरीमा ३०२ पुरुष र २७८ महिला गरी कुल जनसंख्या ५८० रहेको छ । उक्त जनसंख्यामध्ये सबैभन्दा पुरुष ३०२ (५२.०६%) र महिला २७८ (४७.९३%) रहेको छ । अध्ययन अनुसार पुरुषको जनसंख्या पराजुली समुदायमा बढि देखिन्छ ।

## ४.४ पुर्ख्यौली थलो अन्तर्गत उत्तरदाताको बसाई

पोखरा उपमहानगरपालिकामा बसोबास गर्न पराजुली समुदायहरूको पुरानो ८ पुस्तादेखि बसोबास गर्दै आएका छन् जस्तै वडा नं. २ मिरुवा, विन्ध्यवासिनी बस्ने पराजुलीहरूको पुर्ख्यौली नाम मिरुवाली, वडा नं. २ कै अर्चलबोट बस्ने पराजुली समुदायलाई अर्चलबोटे र पोखरा वडा नं. ३ नदीपुर बस्नेलाई नदिपुरे तथा पोखरा वडा नं ४ चिप्लेढुङ्गा बस्ने समुदायलाई डडाँली पराजुली भनिन्छ । यस तालिकामा स्थान अनुसार बसोबास स्थल मिरुवाली, अर्चलबोटे, डडाँली, नदीपुरे र अन्य भनि छुट्टाएर उनीहरूको पुर्ख्यौली बसोबास स्थान तालिकामा देखाइएको छ । आफूहरू कुनै पनि पुर्ख्यौली स्थान अनुसार नभएको बताउने उत्तरदातालाई  अन्यमा राखिएको छ ।

**तालिका ४.२ : पुर्ख्यौली थलो अन्तर्गत उत्तरदाताको बसाई**

| पुर्ख्यौली थलो | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| मिरुवाली | ३८ | ३२.४७% |
| डडाँली | २६ | २२.२२% |
| अर्चलबोटे | २३ | १९.५४% |
| नदिपुरे | १० | ८.५४% |
| अन्य | २० | १७.०९% |
| जम्मा | ११७ | १००.००% |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रभित्र रहेका ११७ घरधुरीमा उनीहरू बसोबास गर्ने पुर्ख्यौली थलो अन्तर्गत आफूहरूलाई मिरुवाली, अर्चलबोटे, नदिपुरे, डडाँली र आफूलाई पराजुली मात्र भन्न रुचाउनेहरूको समूह छन् । यसमध्ये सबैभन्दा बढि मिरुवाली ३२.४७%, डडाँली २२.२२%, अर्चलबोटे १९.५४%, अन्य १७.०९% र सबै भन्दा कम नदिपुरे ८.५४% रहेको देखियो ।

## ४.५ आम्दानीको मुख्य स्रोतहरू

मानिस चाँहि जनुसुकै समुदायमा जन्मे पनि उचित लालनपालन, शिक्षा, स्वास्थ्य मनोरञ्जनका लागि आर्थिक पक्षको महत्वपूर्ण भुमिका हुन्छ । बाँच्नको लागि मानिसले विभिन्न पेशाहरू अवलम्वन गर्दै आएको हुन्छ र त्यहि पेशाबाट आएको आम्दानीले उसले परिवारको उज्जवल भविष्यको सपना देखेको हुन्छ ।

अध्ययन क्षेत्रका उत्तरदाताहरूको आम्दानीको मुख्य स्रोत जागिर अथवा नोकरी भएको पाइयो । त्यसको अलवा व्यापार, रेमिटेन्स, पुरोहित, चलचित्र निमार्ण, जग्गाको काम गर्दै आएको पाइन्छ । विशेषतः अध्ययन क्षेत्र जागीर र व्यापार व्यवसायको हिसाबले अत्यन्तै महत्वपूर्ण रहेको पाइयो । अध्ययन क्षेत्रका घरधुरीका उत्तरदाताहरूको आम्दानीको स्रोतलाई पाँच भागमा विभाजन गरिएको छ । जस्तैः जागीर, व्यापार, रेमिटेन्स, पुरोहित, अन्य (कृषी, चलचित्र निमार्ण, जग्गाको काम गर्ने, फुटसल सञ्चालक) आदिमा विभाजन गरी अध्ययन गरिएको छ जसलाई तालिका नं. ४.२ मा देखाइएको छ ।

**तालिका ४.३ : घरधुरी जनसंख्याको मुख्य आम्दानीको स्रोत**

| आम्दानीको मुख्य स्रोत | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|
| नोकरी | ६० | ५१.२८% |
| व्यापार | २८ | २३.९३% |
| रेमिटेन्स | १८ | १५.३८% |
| पुरोहित | ५ | ४.२७% |
| अन्य | ६ | ५.१२% |
| जम्मा | ११७ | १००.००% |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

तालिका अनुसार अध्ययन क्षेत्रका उत्तरदाताको मुख्य आम्दानिका स्रोतहरू विविध रहेका छन् । एउटै स्रोतमा भर नपरी विभिन्न पेशा वा व्यवसाय सँगसँगै गरेको पाइयो । तैपनि उनीहरूलाई प्राथमिकताको आधारमा एउटा मात्र मुख्य आम्दानीको स्रोतका बारेमा सोधिएको थियो । ११७ घरधुरी उत्तरदातामध्ये ६० घरधुरीको (५१.२८%) मुख्य आम्दानिको स्रोत जागीर/नोकरी २८(२३.९३%) घरधुरीको मुख्य स्रोत व्यापार, १८(१५.३८%) घरधुरीको

रेमिटेन्स, ५(४.२७%) घरधुरी पुरोहित र ६(५.१२%) घरधुरीको मुख्य आम्दानीको स्रोत अन्य अथवा चलचित्र निमार्ण, जग्गाको काम गर्ने, कृषि, फुटसल सञ्चालक रहेको पाइयो । माथिको तालिका अनुसार घरधुरी उत्तरदाताहरूको मुख्य पेशा तथा आम्दानीको स्रोत नोकरी नै रहेको पाइयो ।

## ४.६ जग्गा जमिनको अवस्था

पोखरा उपमहानगरपालिकामा रहेको पराजुली समुदायसँग पहिला धेरै जग्गा जमिनहरू थिए । पोखरामा रहेको उनीहरूको जग्गा जमिन राजा रणबहादुर शाहका पालामा उनीहरूलाई विर्ता स्वरूप लालमोहर गरिदिएका थिए । रणबहादुरका राजगुरु पराजुली थिए । पोखरामा पराजुलीहरूले निम्न ठाउँमा विर्ता स्वरूप जग्गाहरू पाएका थिए, विरुवा खेत ५० मुरी माटो, जोवारी खेत ५० मुरी माटो, ७ पाथी बिज जाने जौबारी पाखा, १० मुरी माटो भएको पोखरा वेशी, लगायत मिरुवा, वैदाम, विन्धवासिन, वगर (हाल पृथ्वीनारायण क्याम्पस), कुँडहर जस्ता ठाउँमा अहिलेको चलनचल्ती अनुसार हजारौ रोपनी जग्गा प्राप्त गरेका थिए । तर अहिले हाल कति जग्गा बाँडेर, बेचेर सिध्दिएको पाइन्छ । हाल केहि जग्गाहरू मात्र रहेको यस अध्ययनले देखाउँछ, तर जग्गा विहिन भएको अवस्था भने पराजुली समुदायमा छैन ।

**तालिका ४.४ : घरधुरी उत्तरदाताको जग्गा जमिनको स्थिती**

| जग्गा परिमाण | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|
| १ रोपनी सम्म भएका | ५५ | ४७% |
| १-५ रोपनी | ३३ | २८.२०% |
| ५-१० रोपनी | १९ | १६.२३% |
| १० रोपनी भन्दा माथि | १० | ८.५४% |
| जम्मा | ११७ | १००.००% |

*स्रोत : स्थलगत अध्ययन*

माथिको तालिका अनुसार घरधुरी उत्तरदातासँग रहेको कुल जग्गा जमिनको स्थितिलाई मोटामोटी रूपमा उल्लेख गरिएको छ । जग्गा जमिन धेरै भएकाहरू पनि कृषि मा रहेको देखिदैन, उनीहरूको जमिनमा अरुले नै अधियामा कमाएको देखियो र त्यहाँबाट उत्पादन हुने वस्तुहरू पनि नगदसँग बेचेको अध्ययनमा पाइयो । उत्तरदातासँग भएको जग्गा

जमिनको स्थितिलाई हेर्दा १ रोपनी सम्म ५५ (४७.००%) पाइयो भने १-५ रोपनी ३३ (२८.२०%) घरधुरीसँग ५-१० रोपनी १९ (१६.२३%) घरधुरीसँग १० रोपनी भन्दा माथि १० (८.५४%) घरधुरीसँग रहेको पाइयो । घरधुरी उत्तरदाताको जग्गा जमिनको स्थितिलाई हेर्दा उनीहरूको जग्गा जमिन पहिला भन्दा निकै कम भएपनि वर्तमान अवस्थामा हेर्दा जग्गा जमिन अवस्था कमजोर भने देखिदैन ।

## ४.७ पराजुलीको पेशा पहिले र अहिलेमा परिवर्तन

कास्कीमा पश्चिम कर्णाली प्रदेशबाट संवत् ११११३ मा जयदेव (शाह) खानसँग पराजुलीहरू प्रवेश गरेका थिए । जयदेव (शाह) खानले राज्य जितेपछि कास्कीलाई एक स्वतन्त्र राज्य घोषणा गरे जहाँ पण्डित शुसरण पराजुलीले राज्य भिषेक गराएका थिए । कास्कीमा लामो समयसम्म पराजुलीहरू राजगुरु भई बसेको तथ्यहरू इतिहासमा पाइन्छ । राजाहरूको पुरोहित भएका कारण उनीहरूलाई धेरै कास्कीका जमिन विर्ता स्वरूप प्रदान गरिएको थियो । कास्कीबाट नै राजगुरु बनाएर अरु राजाहरूले पराजुलीहरूलाई कास्की पोखराबाट विभिन्न राज्यहरूमा लगेको कारण उनीहरू नेपाल भरी छरिन पुगे तर उनीहरूको पेशा भने पुरोहित नै थियो । आज वर्तमान भन्दा २ पुस्तासम्म उनीहरूको पेशा धेरै जनाले गर्थे तर अहिले विभिन्न तत्वहरूका कारण पेशामा परिवर्तन आएको देखिन्छ । जस्तैः आर्थिक पक्ष, प्रविधि, पश्चिमिकरण, आधुनिकीकरण, बसाईसराई जस्ता तत्वहरूले उनीहरूको पेशामा परिवर्तन आएको देख्न सकिन्छ । शिक्षा पनि प्रमुख कारण हो किनकी शिक्षाको स्तर पहिला पराजुलीहरूमा संस्कृत मात्र पढ्नुपर्छ भन्ने धारणा थियो विस्तारै समाज परिवर्तन हुँदै जाँदा पोखरामा विभिन्न विद्यालय, निजी संस्था, विश्वविद्यालयहरू स्थापना हुँदै गएपछि पराजुली समुदायका छोराछोरीहरू त्यसतर्फ आकर्षित हुँदै गए र राम्रो शिक्षा प्राप्त गर्दै जाँदा उनीहरूले विभिन्न ठाउँहरूमा काम गर्ने मौका पाए र त्यसतर्फ आकर्षित हुँदै गए र पुर्ख्यौली पेशा पुरोहितलाई परम्परागत पेशाको रूपमा चित्रण गर्दै अरु पेशामा आवद्ध हुँदै गएका थिए । अहिले उनीहरूको परम्परागत पेशा लोप हुने क्रममा गइसकेको छ । उत्तरदाताको हालको पेशा र उत्तरदाताहरूको पिता, हजुरवा र जिजुवाको पेशा पनि उत्तरदातासँग लिइएको थियो जसको आधारमा पुरोहित पेशालाई पहिले र अहिलेको आधारमा तालिका ४.४ मा देखाइएको छ ।

**तालिकामा ४.५ : पुरोहित पेशा पहिले र अहिले**

| पेशा | अहिले | | पहिले | |
|---|---|---|---|---|
| पुरोहित | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| | ५ | ४.२७ | ८० | ६८.३७ |

*स्रोत : स्थलगत अध्ययन, २०७२*

माथिको तालिका अनुसार उत्तरदाताहरूको पुर्ख्यौली पेशा पुरोहित हाल ११७ घरधुरी ५(४.२७%) घरधुरीले मात्र गर्ने गरेको अध्ययनले देखायो जहाँ उनीहरूको जिजुवाको पेशाको विवरणको आधारमा ११७ घरधुरीमध्ये ८० (६८.३७%) घरधुरीका जिजुवाको पेशा पुरोहित थियो । यस अध्ययनले के देखाउँछ भने पराजुलीहरूको पुर्ख्यौली पेशाका परिवर्तन उच्च रूपमा देखिन्छ ।

## ४.८ पराजुलीहरूको मासिक आम्दानी/आय

अध्ययन क्षेत्रका पराजुलीहरूको आर्थिक अवस्था राम्रो नै छ । यिनीहरूको मुख्य पेशा जागीर हो । अरु आम्दानीको रूपमा व्यापार, रेमिटेन्स, पुरोहित रहेको छ । यिनिहरूले मासिक रूपमा कती आय गर्दछन् भनी स्थलगत अध्ययनबाट जानकारी भए अनुसार तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.६ : मासिक आम्दानी विवरण**

| मासिक आम्दानी (हजारमा) | घरधुरी | प्रतिशत |
|---|---|---|
| १-२०,००० | २८ | २३.९३ |
| २०,०००-३०,००० | ३९ | ३३.३३ |
| ३०,०००-५०,००० | ३७ | ३१.६२ |
| ५०,००० भन्दा माथि | १३ | ११.११ |
| जम्मा | ११७ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७२*

तालिका ४.६ अनुसार सबैभन्दा बढि मासिक आम्दानी हुनेहरूको संख्या १३(११.११%) रहेको छ भने सबैभन्दा कम आम्दानी हुनेहरूको संख्या २८(२३.९३%) रहेको छ । यिनिहरूको

मुख्य स्रोत नोकरी, व्यापार र रेमिटेन्स हो ।  अर्कातिर सबैभन्दा कम आम्दानी गर्ने २८ परिवार संख्या रहेको छ । जुन २३.९३% छ, भने २० देखि ३० हजार सम्म आम्दनी गर्ने ३९(३३.३३%), ३० देखि ५० हजार सम्म आम्दानी गर्ने ३७ (३१.६२%) छन् ।

## ४.९ पारिवारिक रोजगारीको संख्यात्मक विवरण

यो शोधपत्रमा संलग्न उत्तरदाताहरूमध्ये कुनैका घरमा एकजना कुनैका दुई जना र कुनै तिन जना भन्दा माथि परिवारका सदस्य रोजगारीमा लागेका भेटिएका छन् । जसलाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.७ : पारिवारिक रोजगारीको संख्यात्मक विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| एक जना | ६३ | ५३.८४% |
| दुई जना | ३४ | २९.०५% |
| तिन जना भन्दा माथि | २० | १७.०९% |
| कुल | ११७ | १०० |

*स्रोत : स्थलगत अध्ययन, पोखरा २०७३*

उपरोक्त तालिका अनुसार कुल उत्तरदाता मध्ये ५३.८४% घरमा १ जनाले रोजगारी पाएका, २ जना भन्नेहरू २९.०५% र ३ जना भन्नेहरू १७.०५% छन् ।

वर्तमान समयमा आउँदा उक्त समूहका सदस्यहरू निजामती कर्मचारी, नर्सिङ्ग, शिक्षक, गैर सरकारी संख्या तथा बैकिङ्ग क्षेत्रमा रोजगारी पाएका देखिन्छन् ।

## ४.१० घरको वनावट

कुनै पनि क्षेत्रको भौगोलिक आर्थिक तथा सामाजीक वनावटको आधारमा त्यस क्षेत्रका बासिन्दाहारुको घरको प्रत्यक्ष स्वरूप झल्कने गर्दछ । पोखरा उपमहानगरपालिकाका उत्तरदाताहरूको घरको बनावट हेर्दा केही घरधुरी बाहेक प्राय सबैको घरको अवस्था राम्रो छ । ढुंगाा, फलाम, सिमेन्ट जस्ता आदिको समिश्रणबाट यहाँको घरहरू बनेका छन् । अध्ययन क्षेत्रका उत्तरदाताहरूको घरको प्रकारलाई विभिन्न ३ भागमा विभाजन गरिएको थियो । जस्तै

पक्की, जस्ता र ब्लक र कच्ची आदि भागमा विभाजन गरी अध्ययन गरिएको थियो । घरको किसिमको तालिका ४.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ : घरको प्रकार एवम् बनावट**

| घरको प्रकार | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| पक्की | ८९ | ७६.०६% |
| ब्लक र जस्ता | २० | १७.०९% |
| कच्ची | ८ | ६.८३% |
| जम्मा | ११७ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका कुल ११७ घरधुरीहरूमध्ये सबैभन्दा बढि पक्की घर ८९(७६.०६%) र ब्लक र जस्ताले बनेको २०(१७.०९%) र सबैभन्दा कम माटोको कच्ची घर ८(६.८३%) रहेको पाइयो । उत्तरदाताहरूको घरहरूको बनावटलाई हेर्दा अध्ययन क्षेत्रका उत्तरदाताहरू आर्थिक हिसाबले बलियो रहेको पाइयो ।

## ४.११ उत्तरदाताहरूको शैक्षिक अवस्था

२०१३ को तथ्याङ्क अनुसार पोखरा उपमहानगरपालिकाको साक्षरता दर ८३% रहेको छ । त्यसैले पोखराको शिक्षाको स्तर उच्च छ । यहाँका उत्तरदाताहरूको शिक्षा प्रतिको दृष्टिकोण सकारात्मक रहेको पाइयो । अध्ययन क्षेत्रमा थुप्रै शैक्षिक संस्थाहरू रहेका छन् । अध्ययन क्षेत्रका पराजुली समुदायको शैक्षिक स्तर राम्रो रहेको पाइयो । घरधुरी उत्तरदाताहरूको शैक्षिक स्तरलाई निरक्षर, प्राथमिक (साक्षर) माध्यामिक, उच्च माध्यामिक र स्नातक भन्दा माथि ५ भागमा विभाजन गरी अध्ययन गरिएको थियो । तालिका ४.८ मा उत्तरदाताहरूको शैक्षिक अवस्थालाई प्रस्तुत गरिएको छ ।

**तालिका ४.९ : घरधुरी उत्तरदाताको शैक्षिक स्तर**

| क्र.सं. | शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निरक्षर | २ | १.७०% |
| २. | (साक्षर) प्राथमिक | १३ | ११.११% |
| ३. | माध्यमिक | ५ | ४.२७% |
| ४. | उच्च माध्यामिक | ४१ | ३५.०४% |
| ५. | स्नातक वा माथि | ५६ | ४७.८६% |
| | जम्मा | ११७ | १००.०० |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

तालिका ४.९ मा घरधुरी उत्तरदाताहरूको शैक्षिक स्तरलाई प्रष्ट पारिएको छ । उत्तरदाताहरूको शैक्षिक स्तरलाई विभिन्न भागमा विभाजन गरिएको छ । जस्तै निरक्षर, साक्षर (प्राथमिक) माध्यामिक, उच्च माध्यामिक र स्नातक वा माथि गरी ५ भागमा विभाजन गरी अध्ययन गरिएको छ । अध्ययन क्षेत्रका ११७ घरधुरीका ११७ नै उत्तरदाताहरूको शैक्षिक स्तरको अध्ययन यहाँ गरिएको छ । ११७ उत्तरदाताहरूमध्ये निरक्षर २(१.७०%) साक्षर (प्राथमिक) १३ (११.११%) माध्यामिक ५(४.२७%) उच्च माध्यामिक ४१(३५.०४%) र स्नातक वा सो भन्दा माथि ५६ (४७.८६%) भेटियो । यसले यो देखाउँछ कि पोखराका पराजुली समुदायको शैक्षिक स्तर एकदमै राम्रो रहेको छ ।

## ४.१२ पराजुलीहरूको स्थानिय स्तरमा संघ/संस्थासागको आवद्धता र योगदान

कास्की पोखरामा परापूर्वकालदेखि बसोबास गर्दै आएका पराजुलीहरूले पितापुर्खाको पालादेखि नै पोखरामा शिक्षाको ज्योति बाल्न अतुलनिय योगदान गरेको पाइन्छ । पराजुली समाजका पुर्खाले आफ्नो करोडौं मुल्य बराबरको सम्पत्ति जग्गा जमिन कास्कीमा शिक्षा विकासको लागि सहयोग दिएको ऐतिहासिक रेकर्ड पाइन्छ । पराजुलीहरूले प्राप्त गरेको विर्ता जमिनमध्ये अधिकांश भाग सार्वजनिक पार्टी, पौवा, स्कुल विद्यालय, कलेज-क्याम्पस र संस्कृत पाठशालालाई दान स्वरूप दिइएका छन् । पोखरामा पहिलो पटक स्थापित राष्ट्रिय बहुउद्देश्यिय विद्यालय (रा.उ.मा.वी) र पुरानो टुडिखेल पनि पराजुलीको विर्ता जगा भित्र पर्छ । पोखरा १ भीमकाली पाटनमा स्थापित पृथ्वीनारायण क्याम्पस र त्यसको सम्पूर्ण परिसर, शिक्षा

कार्यालय, वन कार्यालय, मिसिनरी अस्पताल सबै पराजुलीहरूले दान गरेको जग्गा हुन् । स्कुल-पाठशाला र क्याम्पस विद्याका मन्दिर हुन भनी पराजुलीका विर्ता पुर्खाले पोखरा कास्कीमा शिक्षा र जनचेतना जगाउन शिक्षाको विकास गर्न योगदान दिएको देखिन्छ ।

हाल वर्तमानमा भने पराजुली समुदाय विभिन्न संघसंस्था, क्लवहरू, आमा समूहहरूमा आवद्धता भएको देखिन्छ । पराजुली समाज, विभिन्न क्लवहरू जस्तै इन्द्रेणी क्लव, रोटरी क्लव, लायन्स क्लव तथा अर्चलवोट आमा समूह, विन्ध्यवासिनी आमा समूह जस्ता संघ संस्थाहरूमा आवद्धता भई सामाजीक कार्य गरेको देखिन्छ । उत्तरदाताहरूमध्ये अधिकांश उत्तरदाताहरू संघ संस्थाहरूमा आवद्धता भएको पाइयो ।

## ४.१३ खानेपानीको स्रोत

पोखरा उपमहानगरपालिकामा खानेपानीको अवस्था राम्रो नै देखिन्छ । पोखरा उपमहानगरपालिकामा खानेपानी संस्थानद्वारा मर्दी खोलाबाट पानी ल्याएर पोखरामा विवरण गर्दछ । पोखरामा प्रशस्त खोला नाला भएपनि त्यसको पानी प्रदुषित भएको कारण त्यसलाई प्रयोग गर्न सम्भव पनि छैन । उत्तरदातामध्ये ११५ जनाले घरायसी निजी धाराको प्रयोग गरेको देखियो भने २ जनाले कुवाको पानी प्रयोग गरेको देखियो । यसरी हेर्दा पोखरामा खानेपानीको अवस्था राम्रो देखिन्छ तर हाल खानेपानी संस्थानले बाँडेको पानी पनि माथि मुहानमै फोहोर हुने हुँदा मिनरल वाटर कम्पनिको पानी किनेर खाने र अरु घरायसी काममा मात्र निजी धाराको पानी प्रयोग गर्ने गरेको देखियो ।

## ४.१४ उत्तरदाताहरूको स्वास्थ्य र सरसफाईको अवस्था

स्वास्थ्य एक महत्वपूर्ण विकासको सूचक हो । पोखरा उप-महानगरपालिकामा बसोबास गर्न पराजुली समुदायका मानिसहरूको स्वास्थ्य र सरसफाईको स्थितिलाई राम्रो मान्न सकिन्छ । अध्ययन क्षेत्रको वातावरण पनि राम्रो र हरियाली रहेको पाइन्छ । अध्ययन क्षेत्रमा पशिचमाञ्चल क्षेत्रिय अस्पताल सहित ठूला-ठूला निजी अस्पतालदेखि सयौं निजी मेडिकल रहेको छ ।

### ४.१४.१ स्वास्थ्य परिक्षण सम्बन्धी अवस्था

पहिले-पहिले धार्मिक आस्थाका रूपमा उपचार गरिन्थ्यो, जहाँ हेराउने, फुक्ने र जडिवुटीबाट उपचार गरिन्थ्यो । अहिले अध्ययन क्षेत्रमा त्यस्तो अवस्था मिश्रित पाइन्छ । उनीहरूमा बिरामी हुँदा अस्पताल तथा मेडिकल पनि जाने र फुक्ने, हेराउने पनि गर्दछन् तर नयाँ-नयाँ पुस्ताहरू भने सिधै स्वास्थ्य परिक्षणका लागि अस्पताल र मेडिकल जाने गरेको पाइयो ।

## ४.१५ उत्तरदाताले प्रयोग गर्ने इन्धन

देशका अधिकांश घरपरिवार खाना पकाउनका लागि अक्सर गरेर दाउराको प्रयोग गरेको पाइन्छ भने अध्ययन क्षेत्र शहरी क्षेत्र भएका कारण अधिकांश घरपरिवार खाना पकाउन एल.पी ग्यास प्रयोग गरेको पाइयो । शहरी क्षेत्रमा दाउरा सजिलै उपलब्ध नहुनु र घर संरचना पनि आधुनिन रूपमा अगाडि बडिरहेको कारणले गर्दा सबैले एल.पी ग्यासको प्रयोग गरेको भेटियो ।

# अध्याय – पाँच

# पराजुली समुदायको सामाजीक, पेशागत तथा साँस्कृतिक परिवर्तन

यस अध्ययनमा पराजुली समुदायको संस्कृति तथा संस्कारहरूको विश्लेषणका साथसाथै त्यसमा आएको परिवर्तन र उनीहरूको जिवनमा आएको सामाजीक तथा पेशागत परिवर्तनको अध्ययन गरिएको छ । पराजुली समुदायको साँस्कृतिक परिवर्तन उक्त परिवर्तनका सूचकहरूले पारेको प्रभावको विश्लेषण गरिएको छ ।

## ५.१ शिक्षामा आएको परिवर्तन

अध्ययन क्षेत्रमा आजभन्दा दुई पुस्ता अगाडिसम्म सँस्कृत बाहेक अरु शिक्षा लिएको एकदमै कम पाइयो । पोखरामा दुई पुस्ता अगाडि शैक्षिक संस्थाहरू पनि एकदमै कम थियो र उनीहरूको पुर्ख्यौली पेशा पुरोहित भएको कारण संस्कृत पढ्नुपर्ने बाध्यता थियो । अहिले त्यहाँको शैक्षिक अवस्था राम्रो रहेको छ । अहिले पराजुली समुदायका छोराछोरीहरू विभिन्न क्षेत्रमा पढाई गर्दैछन् र अहिले वर्तमानमा संस्कृत पढ्ने प्रायः शुन्य पाइयो । अहिले उनीहरूको चाहना विभिन्न क्षेत्रहरू जस्तै व्यवस्थापन, डाक्टरी, इन्जिनियर, नर्स जस्ता विषयहरूमा अध्ययन गरेको पाइयो । पोखरामा यस्ता शैक्षिक संस्थाहरू निर्माण हुँदै गएपछि त्यसतर्फ बढि आकर्षित हुँदै गएको पाइयो र जुन क्षेत्रहरू विश्वस्तरको रूपमा राम्रो भएको कारण उनीहरूले परिवर्तन गर्दै लगिरहेको पाइन्छ ।

शैक्षिक क्षेत्रको परिवर्तनमा पराजुली पुर्खाहरूको योगदान पनि महत्वपूर्ण छ यहाँ उनीहरूले आफ्नो विर्ता जग्गाहरू विभिन्न शैक्षिक संस्थाहरूलाई प्रदान गरेका कारण पोखरा उपमहानगरपालिकामा विभिन्न ठूला शैक्षिक संस्थाहरू स्थापना भएका थिए । हाल पोखरा उपमहानगरपालिकामा थुप्रै शैक्षिक संस्थाहरू रहेका छन् जुन धेरै भएको कारण त्यसलाई तालिकामा देखाउन गाह्रो छ । पोखरामा निजी स्कुलहरू सामुदायिक स्कुलको तुलनामा अत्याधिक भएका कारण अध्ययन क्षेत्रका बालबच्चाहरू निजी स्कुलहरूमा पढाउने गरेको देखियो । दुई पुस्ता सम्म अगाडि करिब ८० (६८.३७%) ले संस्कृत शिक्षा नेपाल तथा

वनारसमा गई पढेका थिए भने हाल त्यो संख्या परिवर्तन भएर यो पुस्तामा त्यो संख्या शुन्य प्राय छ । जसलाई तालिका ५.१ मा देखाइएको छ ।

**तालिका ५.१ : संस्कृत शिक्षाप्रतिको आकर्षणमा आएको परिवर्तन**

| शिक्षा | अहिले | | पहिले | |
|---|---|---|---|---|
| संस्कृत शिक्षाप्रतिको आकर्षण | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| | ० | ० | ८० | ६८.३७ |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

अध्ययन क्षेत्रमा उत्तरदाताको जिजुबुवाको शैक्षिक स्तरलाई पनि अध्ययन गरिएको थियो । जसको नतिजा स्वरूप पहिले संस्कृत पढ्ने ८० (६८.३७%) थिए भने हाल उत्तरदाताको छोरा छोरीको पुस्तामा हेर्दा त्यो शुन्य रहेको देखियो ।

## ५.२ पारिवारिक व्यवस्थामा आएको परिवर्तन

व्राहमण समाजमा पारिवारिक व्यवस्था अनुसार पुरुषहरू बाहिरी काम गर्ने र महिलाहरूले घरको गृहणीको रूपमा घरभित्रका कामहरू गर्ने गर्दछन् । पुरुषहरू घर बाहिरका काम जस्तैः नोकरी, व्यापार जस्ता कामहरू गर्दछन् भने महिलाहरू घरभित्रका कामहरू गर्दछन् । घरमा छोरीहरू भए उनीहरूले आमाको कामलाई सघाउने चलन पराजुली समुदायमा पाइन्छ । त्यस्तो चलन अध्ययन क्षेत्रमा पनि रहेको पाइयो । अध्ययन क्षेत्रमा पराजुली समुदायमा पहिले घरमुली पुरुषले मात्र घरको निर्णय लिने परम्परागत सोचहरू थियो । जसमा अहिले परिवर्तन हुँदै गएको छ । अहिले घर निर्णयमा सबैको महत्व हुने, र महिला पुरुष दुवै मिलेर पारिवारिक विषयमा निर्णयहरू लिने गरेको देखिन्छ ।

मुख्य सूचनादाताका अनुसार पराजुली समुदायमा परिवारको मुली पुरुष नै हुने गर्दथे । पुरुष घरमुली भई घर व्यवहार सञ्चालन गर्न परिवारका सबै निर्णयहरू पुरुषले नै गर्ने प्रचलन थियो । पछिल्लो समयमा शिक्षा तथा परिवर्तित समाजले गर्दा यस्तो प्रचलनमा परिवर्तन आएको छ । अहिले घर व्यवहार सञ्चालन गर्न देखि लिएर छोरा छोरीको शिक्षा, विवाह र अन्य विषयमा निर्णय लिनुपर्दा धेरै जसो एकल परिवारमा महिला पुरुष दुवैले लिने

गरेको देखिन्छ । अवलोकन गरी हामीले उत्तरदाताहरूलाई हेर्दा पनि त्यस परिवर्तन सहजै हामीले महसुस गर्दछौं । अध्ययन क्षेत्रमा हेर्दा पनि त्यस्ता परिवर्तनहरू देखियो ।

## ५.३ पेशामा आएको परिवर्तन

कास्कीमा पश्चिम कर्णाली प्रदेशबाट संवत १११३ मा जयदेव शाह खानसँग पराजुलीका केहि सदस्यहरू प्रवेश गरेका थिए । जयदेव (शाह) खानले कास्कीका आएर राज्य जिते पछि कास्कीलाई एक स्वतन्त्र राज्य घोषणा गरे जहाँ पण्डित शुसरण पराजुलीले राजा जयदेव (शाह) खानलाई राज्यभिषेक गराएका थिए । कास्कीमा लामो समय सम्म पराजुलीहरू राजगुरु भई बसेका तथ्यहरू इतिहासमा पाईन्छ । राजाहरूको पुरोहित भएका कारण उनीहरूलाई धेरै कास्कीका जमिन विर्ता स्वरूप प्रदान गरिएको थियो । कास्की बाट नै पराजुलीहरूलाई राजगुरु बनाएर अरु ठाउँका राजाहरूले पराजुलीहरूलाई अन्य विभिन्न ठाउँमा लगेको मुख्य सूचनादाताहरूबाट प्राप्त प्रमाणले देखाउँछ । उनीहरूको मुख्य पेशा भनेको पुरोहित नै हो । आज वर्तमान भन्दा २ पुस्ता अगाडि सम्म उनीहरू बनारस तथा नेपालमा संस्कृत पढि पराजुली समुदायका सदस्यहरूले पुरोहितलाई पेशाका रूपमा अगालेका थिए तर विस्तारै शिक्षा, प्रविधि, विश्वव्यापीकरण, शहरीकरण जस्ता सूचकहरूले गर्दा उनीहरूले पेशामा परिवर्तन गर्दै लगिरहेको पाइन्छ । पेशामा परिवर्तन आउनुको मुख्य कारक शिक्षा हो । उनीहरूले विस्तारै संस्कृत पढ्न छाडी विस्तारै अन्य विषय र अन्य क्षेत्रमा परिवर्तित हुँदै लगे जसको कारण उनीहरूको पुर्ख्यौली पेशा लोप हुने अवस्था सम्म पुगिसकेको छ ।

अगाडि तालिका ४.४ लाई आधार बनाएर हेर्दा आजभन्दा २ पुस्ता अगाडि अर्थात् उत्तरदाताको हजुरुबा, जिजुबा सम्मको पुर्ख्यौली पेशा पुरोहित हेर्दा त्यहाँ ११७ घरधुरीमध्ये ८० (६८.३७%) उत्तरदाताको जिजुबाहरूले पुरोहित गरेको पाइयो । हालको स्थिति हेर्दा जम्मा ५(४.२७%) उत्तरदाताहरूले मात्र पुरोहित काम गरेको पाइयो । विभिन्न अरु अवसर, आकर्षक सरकारी नोकरी र ब्राहमण समुदायमा परम्परागत पेशाप्रति घृणा जाग्नुका कारण पराजुली समुदायहरूले आफ्नो पेशा परिवर्तन गरेको स्थलगत अध्ययनबाट पाइयो ।

## ५.४ पराजुली समुदायमा संस्कृति तथा संस्कारहरू र त्यसमा आएको परिवर्तन

### ५.४.१ पराजुली समुदायका संस्कारहरू

पराजुली समुदायको सामाजीक, साँस्कृतिक स्थितिको अध्ययन गर्दा निम्नानुसार सोह्र संस्कारहरू पाइन्छ । हिन्दु दर्शनहरूमा उल्लेख गरिएका ति संस्कारहरू पराजुलीहरू पनि अवलम्बन गर्दछन् । जीवात्मालाई गर्भमा स्थापित गर्ने काम गर्भाधान हो । दाम्पत्य जीवनको एउटा प्रमुख उद्देश्यअसल गुणले युक्त, दीर्घायु र शुशील सन्तान जन्माउनु पनि हो । अधिकारी (२०६३) आम हिन्दुहरूको संस्कार अनुरूप पराजुली परिवारमा यो संस्कृतिबाट वंश विस्तार भइरहेको छ ।

पुंसवन भन्नाले गर्भको सन्तान पुरुष जन्मिए, गर्भ सर्वधा निर्दोष होओस् र गर्भको बालकलाई ज्ञान खुलोस उसलाई आफ्नो पूर्व अवस्थाको पनि स्मरण होस् र साथै क्षेत्र पनि सुसंस्कृत होस् भनेर गरिने संस्कारलाई भनिन्छ । भट्टराई (२०५६)

सीमान्त भनेको कपालको सिउँदो हो । उन्नयन भनेको माथि लैजानु हो । त्यसकारण सिमान्तोन्नयन भन्नाले सामान्यतः सिउँदो काटेर माथितिर लैजानु भन्ने बुझिन्छ भट्टराई (२०५६) । स्त्रीलाई पहिलो पाला गर्भ रहेको छ महिना वा आठ महिना लागेपछि शुभ दिन, बार, ग्रह नक्षेत्र मिलाई बिहान पतिले आफ्नो गर्भिणाी पत्नीलाई सनोषधिहरू (सबै औषधी) मिस्सेको जलले मङ्गल स्नान गर्न लगाएर नयाँ वस्त्र पहिरिएर दीप प्रज्वलन गरी गणेश र इस्टदेवताको स्मरण गरिसकेपछि व्राहमणलाई टीका लगाई दानदक्षिणा गर्ने । वर्तमानमा यो संस्कृति परिवर्तन भइसकेको प्रायः हराइसकेको पाइन्छ ।

बालक जन्मेपछि त्यसको संस्कार रार्य शास्त्रोक्त विधिले गरिने कर्मलाई जातकर्म भनिन्छ भट्टराई (२०५६) । जन्मपछि गरिने कर्मलाई जातकर्म भनिन्छ । जन्मनु भनेको उत्पत्ति हुनु हो । मानव मात्रको उत्पत्तिको विषयमा चर्चा गर्दा पुरुष र स्त्रीको संसर्ग भई ९ महिना आमाको गर्भमा रहि पृथ्वीमा पर्दार्वक हुनुलाई जन्म भनिन्छ । हिन्दु संस्कारमा जन्मको ज्यादै महत्व छ । तथापि छोरा जन्मदा बढि खुसी हुने र छोरी जन्मदा खुसी नहुने चलन पनि छ । यो संस्कार वर्तमानमा पराजुली परिवारमा हराईसकेको देखिन्छ ।

जन्मनु स्वभाविक रूपमा शुभ लक्षण हो । मानव मात्रका बारेमा चर्चा गर्दा जन्मनु भनेको पृथ्वीमा पर्दापण गर्नु हो । पराजुली समुदायमा पनि जन्मलाई महत्वपूर्ण कार्यको

रूपमा लिने गरिन्छ । आजकल बधाई दिने, पार्टी दिने चलन छ । पहिले आर्शिवाद दिने गरिन्थ्यो ।

पराजुली समुदायमा षष्ठिका पूजा बालक जन्मेको छ दिनको दिन गरिन्छ । यसलाई छैटी गर्ने भन्दछन् । छैटीको दिन पूजा गर्नाले बालकको भविष्य राम्रो हुन्छ । यसै दिन राती भाविले बालकको निधारमा भाग्य लेखिदिएर जाने गर्दछ भन्ने पराजुली समुदाय किंवढन्ती छ । भट्टराई (२०५६) पराजुली समुदायमा यो संस्कृति वर्तमानमा पनि रहि आएको छ ।

नामाकरण भनेको नयाँ जन्मेको बालकलाई नाम राख्ने संस्कार हो । यसलाई नुवारान पनि भन्दछन् । यो संस्कार बालक जन्मेको एघार दिनको दिन गरिन्छ । जन्मको एघारौं दिनको दिन नाम राख्ने गरिन्छ । नुवारान भनेको शुद्ध गर्ने काम वा अर्को अर्थमा चोख्याउने काम हो । आफ्नो खलकहरूमा बालबालिका जन्मेको ११ दिनसम्म सुतक परेको र त्यो समयमा देवकार्य र पितृकार्य गर्न हुँदैन भन्ने प्रचलन छ । जन्मेको ११ दिनको दिन नुवारान कार्य गरेपछि शुद्ध हुने चलन छ । त्यसपछि महत्वपूर्ण धार्मिक कार्य गर्न उपयुक्त मानिन्छ । सुतक चाडपर्वमा परेमा त्यो चाडपर्व मानिदैन । यो नियम आफ्ना भाइबन्धु सबैमा लागु हुन्छ । यो समयमा ब्रतबन्ध, रुद्री, पुराण, दशै तिहार लगायत पर्वहरू सुतक लागेको कारण मनाउन हुँदैन । भन्ने चलन पराजुली समुदायमा रहेको छ ।

आजकल शिक्षा, चेतनाको कारण त्यसमा परिवर्तन गर्नुपर्दछ । जन्मपछिको समय राम्रो हो भन्ने गरिन्छ । एघारौं दिनको दिन बच्चाको नाम राख्ने, रक्षाबन्धन बाँध्ने चलन छ । सो दिन पण्डितले नुवारान गरी मन्त्रणा गरेको जलले अभिशेक गरेपछि शुद्ध भएको मानिन्छ । यो दिन पण्डितले राशीबाट जुरेको नाम राखिदिन्छन् भने बाबुआमाले आफू खुसी बच्चाको नाम राख्ने गरेको पाइन्छ । नुवारानकै दिन दाजुभाई, इस्टमित्र निमन्त्रणा गरी भोजभतेर गरेको पाइन्छ र नामहरू विस्तारै पश्चिमीकरणको कारण पश्चिमा नामहरू राखेको देख्न सकिन्छ ।

निष्क्रमण भनेर बालकलाई घरबाट बाहिर निकाल्ने संस्कारलाई भन्दछन् । यो संस्कार चार महिनामा गर्नु भन्ने भनिएपनि आजकल पराजुली समुदायमा न्वारनकै दिनमा गर्ने गरेको देखिन्छ ।

जन्मेका बालबालिकालाई सर्वप्रथम अन्न (भात) खुवाउने संस्कारलाई अन्न प्रादान भनिन्छ । यसलाई पास्नी पनी भन्दछन् । अन्नप्राशन संस्कार सामान्यतः छोराको जोर महिना छ वा आठ र छोरीको विजोर महिना पाँच वा सात महिनामा शास्त्रोक्त विधिबाट गरिन्छ । गच्छेअनुसार आजकल कसैले ठुलो-ठुलो पार्टीहरू होटलमा दिएर गर्ने र नहुनेले घरमै मनाउने गरेको पाइन्छ वर्तमान समयमा ।

कर्णवेध भनेर बालकको कान छेड्ने संस्कारलाई भनिन्छ । कर्णवेध बालक जन्मेको बिजोर वर्षमा सुर्य वृहस्पति राम्रा तारा चन्द्रहरू अनुकुल, शुभ तिथि, शुभ ग्रहको बार पारी शुभलग्न र शुभाशंमा गर्नु भन्ने व्यवस्था शास्त्रले गरेको छ । कर्णवेध संस्कृति पराजुली परिवरामा कायमै देखिन्छ ।

बालबालिकालाई पढ्न सिकाउने कार्यलाई विधारम्भ भनिन्छ । पराजुली समुदायका सदस्यहरूको कुनै परिवारमा बालबालिकाको ५-६ वर्षमा विद्यालयमा पठाई पठनपाठन शुरु गराइने कार्यलाई विधारम्भ भनिन्छ । पराजुली समुदायमा पनि यो संस्कार रहेको तर आजकल २ वर्षमा नै मन्टेसरीमा राख्ने चलन छ यो आधुनिकीकरणको प्रभाव देखिन्छ । बच्चालाई मन्टेसरीमा हालेर आमाबाबु काममा जाने तथा आमाले घरको काम गर्ने चलन देखिन्छ तर यो बालकको वृद्धि विकासको लागि राम्रो पक्ष नभएको मानिन्छ । पहिला गुरुकुलबाट विधारम्भ गराइन्थ्यो भने अहिले मन्टेसरी विद्यालयबाट गरिन्छ ।

चुडाकर्म भनेर छोरोको पहिलोपल्ट कपाल खौरिने कर्मलाई भनिन्छ । यो पनि विधिपुर्वक चुया वा टुपी राखीने हुनाले यसलाई चुडाकरण भनिएको हो । यो संस्कार वर्तमानमा पनि कायमै छ ।

ब्रतबन्ध (उपनयन) ब्रत भनेको नियम विशेष हो र बन्ध भनेको त्यसमा बाँधिनु हो । बालकहरूले पालन गर्नुपर्ने मुख्य व्रतलाई लिइन्छ । तर यसमा परिवर्तन हुँदै गएको देखिन्छ ।

वेदारम्भ भनेर वेदको पढाई आरम्भ गरिने कर्मलाई भनिन्छ । वर्तमानमा यो इतिहास बनि सकेको छ ।

समावर्तन भनेर उपनयनपछि कुमारले आफ्नो अध्ययन पुरा गरी स्नातक बनेर गुरुकुलबाट घर फर्कन गरिने संस्कार हो । यो संस्कार इतिहास बनेपनि आधुनिक युगमा नयाँ र परिस्कृत रूपमा रहेको मान्न सकिन्छ ।

### ५.४.२ विवाह पद्धति

विवाह सामाजीक स्वीकृतिको प्रमाण हो । इम्वर र इम्वर (२००२) विवाह भनेको सन्तान उत्पादन गर्ने सामाजीक स्वीकृति हो । सामाजीक स्वीकृति बेगर सन्तान उत्पादन भयो भने समाजले त्यस्तो सन्तानलाई वैधानिक मान्दैन । वैधानिकता प्राप्त गर्न विवाह बन्धनमा बाँधिनुपर्दछ । पराजुली समुदायमा वैधानिक विवाह पद्धती अपनाइन्छ । उमेर अवस्था पुगेका छोराछोरीलाई आफ्नो परम्परा र संस्कृतिको आधारमा विवाह बन्धनमा बाध्ने कार्य हुँदै आएको छ । विवाह बन्धन विगोत्रीका बीचमा हुन्छ । सगोत्री सगोत्री भनेको एउटै रक्त समूह हुन् ।

पराजुली समुदायमा पहिले-पहिले बहुविवाह बढि भएको पाइन्छ आजकल परिवर्तन हुँदै एकल विवाहका साथसाथै अन्तरजातिय विवाह पनि हुने गरेको पाइन्छ । यस अध्ययन क्षेत्रमा एकल विवाह, बहुविवाह, सजातिय र अन्तरजातिय विवाहलाई क्रमशः नाती, छोरा, उत्तरदाता, पिता, हजुरबा, हजुरवा २ गरी छुट्टाएर अध्ययन गरेको थिए जसमा विभिन्न परिवर्तनहरू देख्न सकिन्छ । जसलाई तालीका ५.२ मा देखाइएको छ ।

**तालिका ५.२ : पराजुली समुदायमा विवाह स्थिती**

| विवाह स्थिती | अहिले | | पहिले | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| एकल विवाह | ११४ | ९७.४३ | ८१ | ६९.२३ |
| बहु विवाह | ३ | २.५६ | ३६ | ३०.७६ |
| जम्मा | ११७ | १००.०० | ११७ | १००.०० |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

माथिको तालिका अनुसार पहिले जिजुवाको विवाह स्थिती हेर्दा बहुविवाह बढि देखिन्छ । ११७ उत्तरदाताहरूमध्ये ३६(३०.७६%) को जिजुवाले बहु विवाह गरेको पाइयो र ८१(६९.२३%) ले एकल विवाह गरेको पाइयो । अहिले उत्तरदाताको समयमा आएर बहु विवाह निकै कम भएको पाइन्छ । जहाँ कानुन, शिक्षा जनचेतना जस्ता कुराहरूले प्रभाव पारेको

देखिन्छ । उत्तरदाताको वर्तमान स्थितिमा ११७ मध्ये ३(२.५६%) ले मात्र बहु विवाह गरेको पाइयो भने ११४(९७.४३%) ले एकल विवाह गरेको पाइयो ।

पराजुलीहरू प्राय सबै जना उपाध्यय बाहुनहरू पर्दछन् । जहाँ सजातिय विवाहलाई बढि मान्यता दिने चलन छ । अहिले वर्तमानमा भने केहि परिवर्तन देखिन्छ । जसलाई तालिका ५.३ मा देखाइएको छ ।

**तालिका ५.३ : पराजुलीको विवाह प्रकार**

| विवाह स्थिती | अहिले | | पहिले | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| सजातिय | १०२ | ८७.१७ | ११७ | १०० |
| अन्तर जातिय | १५ | १२.८२ | ० | ० |
| जम्मा | ११७ | १००.०० | ११७ | १००.०० |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

माथिको तालिका अनुसार उत्तरदाताको जिजुबाको विवाह प्रकार हेर्दा पूर्ण सजातिय विवाह गरेको पाइयो । पराजुलीहरू उपाध्याय ब्राह्मण हुन् त्यसकारण पराजुलीमा अन्तरजातिय विवाहको मान्यता दिइदैन तर अहिले वर्तमानमा उत्तरदाताको वर्तमान अवस्थामा १५(१२.८२%) ले अन्तरजातिय विवाह गरेको पाइयो । यसो हुनुमा विस्तारै शिक्षा, आधुनिकीकरणको प्रभावले परिवर्तन हुँदै लगेको पाइयो ।

### ५.४.३ अन्त्यष्टि (मृत्यु) संस्कार

जिवनको अन्त्य मृत्यु हो । त्यसैले मृत्युकालमा र मृत्युपछि गरिने संस्कार सम्बन्धी कर्मलाई अन्त्यकर्म भनिन्छ । अन्त्यकर्म आगामि जीवन वा अन्तिम यात्राको तयारी मानिन्छ । अधिकारी (२०६३) जन्मपश्चात् मृत्यु प्राकृतिक र स्वभाविक कुरा हो । यो पृथ्वीमा जन्म लिएपछि मरण अकाट्य छ । बरु ढिलो वा चाँडो हुन् सक्छ, सामान्य असामान्य जस्तोसुकै पनि हुन सक्छ । जन्मपश्चात् मरणको संस्कार र संस्कृति हिन्दु धर्म र संस्कृतिमा कस्तो छ ? त्यहि अनुसार पराजुली समुदायमा पनि मृत्युपश्चात् दाहसंस्कार गरी काजकिरीया गरिन्छ ।

विभिन्न धर्म र परम्पराअनुसार मानवमात्रले मृत्युवरण गरेपछि उसको अन्त्यष्टि गर्ने चलन हुन्छ । पराजुली समुदायमा मृत्युवरण पश्चात् विभिन्न सञ्चारमाध्यम मार्फत् दाजुभाई र इष्टमित्रहरूलाई सूचना दिइन्छ । त्यही सूचनाको आधारमा मृत्युवरण भएको ठाउँ वा घरमा दाजुभाई, इष्टमित्र भेला भई दाहसंस्कारको तयारीमा जुट्दछन् । मृत शरिरलाई तुलसीको मठ नजिक वा गाईको गोबरले लिपेर राखिन्छ । मृत शरीरलाई ढाक्न वा बाँध्न, कात्रो, पाट, काँचो धागो, हरियो बाँस जुटाइन्छ । मुर्दालाई हरियो बाँसमाथि राखी फूल, माला अविरले अन्तिम श्रदाञ्चली अर्पण गर्दछन् । सर्वप्रथम छोराहरूले काँधीकाठ (काँधमा बोक्ने) गरी त्यसपछि गंगाजीमा अन्तिम दाहसंस्कारका लागि उपस्थित जनसमुदाय लावा लस्कारका साथ मलामीका रूपमा जाने प्रचलन छ । त्यस समयमा एक दुईजना अघि अघि तुलसीको डाँठको मुठा लिई बाटोमा संकेत गर्दै हिड्छन् । मलामीहरूले लाश जलाउन आवश्यक दाउरा लैजाने प्रचलन छ तर आजभोली दाउरा पोखरा क्षेत्रमा सहजै नपाउनका कारण किन्नु पर्ने भएको छ । लाश अगााडि अविर, फूल, पैसा, लावा छर्दै एकजना हिड्ने गर्दछन् । पराजुली समुदायमा शंख बजाउने चलन छैन । पराजुली समुदायमा लाश लैजाँदा पर्ने बाटो छोड भन्ने संकेत प्रयोग गर्नुनपर्ने मुख्य सूचनादाताहरूले बताउँछन् किनकी त्यो बाटो आफ्नै विर्ता जग्गा पर्ने भएको कारण जब नदि किनारमा पुगिन्छ तब श्रिखण्डको काठमा चिता बनाई मृत लासलाई लम्पसार गरी राखिन्छ । सबै श्रिखण्डको काठ नपाइने हुँदा श्रिखण्डको टुक्रा मिसाई अरु काठलाई श्रिखण्ड सम्भिन्छ । छोराहरू तथा सम्पूर्ण मलामीहरूले अन्तिम श्रदाञ्जली अर्पण गर्दछन् । फूलमाला अविरद्वारा श्रदा व्यक्त गरी १ मिनेट मौनधारण गरी श्रदाञ्जली प्रकट हुन्छ । छोराहरूले नुहाएर कपाल खौरी, पहिलेको कपडा फेरी नयाँ कोरा बस्त्र (सेतो पहिरन) लगाई चितामा राखिएको लासलाई तीन पटक प्रदक्षिणा गरी अन्तिम दर्शन गर्दछन् । त्यसपछि एक माना चामल छातिमा र मुखमा राखी छोराहरूले दागवत्ती दिने काम गरेपछि लासलाई अग्निद्वारा भस्म खरानी बनाइन्छ र अवशेषलाई अन्य ठूला गंगाजीमा लैजान चाहनेहरूले अस्तृ घरमा ल्याउँछन् । एउटा शिला (ढुङ्गा) पहिले ल्याइएको तामाको घडामा राखी जल भरी घरमा फर्किने काम हुन्छ । त्यसपछि नुहाएर मात्र मलामी र किरियापुत्री छोराहरू छुट्टाछुट्टै हिड्छन् । बाटोमा चुत्राको काँडो राखिन्छ । त्यसैमाथि टेकेर हिँड्ने काम हुन्छ । यसको मतलव भुतात्मा अब फर्केर नआउन, स्वर्गमा बास गरुन भनी सबै मलामीले काडाँमा टेक्छन् । यसरी बाटोमा काँडो लगाएर छेक्ने गरिन्छ भने मलामीरुले चोखिनका लागि

धुप-धुवा लिने र गाई, पिपल छुने चलन पनि छ । बाटोमा थाकेका र भोका मलामिहरूलाई फलफूल, पानी खुवाउने चलन छ ।

घरमा पुगेपछि छोराहरू कोराभित्र पस्दछन् । कोरा भन्नाले भकारीले बारेको १३ दिनसम्म किरियापुत्री बस्न बनाइएको ठाउँलाई बुझाउँदछ । एउटा कोठामा यसरी बनाइएको कोरा अन्य मानिस र जिवजन्तुसँग नछोइयोस भन्नाका लागि बनाइएको हुन्छ । त्यसैगरी श्रीमान्को निधनमा श्रीमती पनि १३ दिनसम्म कोराभित्र बसी काजकिरिया गर्दछन् तर श्रीमतीको निधनमा श्रीमान्ले नुन मात्र छोड्दछन् किरिया छोराहरूले गर्दछन् । पहिलो दिन केहि नखाई भोकै बस्ने चलन छ । भोलिपल्ट नजिकको गंगाजीमा गई स्नान गरी ज्वाँइले जलको घडामा गोडा हालेपछि त्यहि जलले तिन पटक स्नान गरी नयाँ वस्त्राङ्कार गरी शिलाजीलाई गण्डकि (गाईघाटमा) गई डिकुरो बनाउने काम गरिन्छ । गाईको गोबरले लितपोत गरिएको ठाउँमा डिकुरो निर्माण गरिन्छ । त्यहि डिकुरामा हरेक दिन पुजा, पाठ र श्राद्ध गर्ने काम गरिन्छ । हरेक दिन सबै कार्य सकि घर फर्कने बेलामा प्वाल भएको एउटा माटाको भाडो नजिकको कुनै रुखमा झुण्डयाई त्यहाँ भरी पानी राखेर छोड्ने चलन पनि छ । घरमा पाँच दिन पछि गरुड पुराण सुनाउने चलन छ जुन १६ अध्यायमा सुनाइन्छ जसमा काजकिरियाका बारेमा बढि सुनाइन्छ । अर्कोतर्फ यो किरियापुत्रीलाई मन बहलाउने एउटा माध्यम पनि हो ।

यस बिचमा आफन्त, छिमेकीहरूले भेटी ल्याउने चलन छ जहाँ फलफूल, पैसा, चिनी ल्याउने चलन छ । किरिया बसेको ११ औं दिनको दिन किरियापुत्रीले टाउकाले हानेर डिकुरो फोर्नु पर्ने चलन छ । डिकुरो फोरेपछि मास, चामल, नुन छुने काम हुन्छ । १३ औं दिनको दिन पुजा-पाठ, बेद, चण्डी पाठ पर्नुका अलावा श्राद्ध गरी अन्य पितृसँग मिसाउने काम हुन्छ । छोराहरूले १३ औं दिनको कोरा बाहिर निस्केपनि एक वर्षसम्म बाहिर नखाने, माछा मासु नखाने, सेतो कपडाको पहिरन (बर्फी) बार्ने वर्ष दिन पुगेपछि श्राद्ध गरेर सकेपछि मात्र शुद्ध हुन्छ । त्यसपछि बल्ल अन्य चाडपर्व मनाउनका साथै अन्य कार्य गर्न पाइन्छ र शुद्ध मानिन्छ ।

**परिवर्तनहरू**

मृत्यु संस्कारमा खासै परिवर्तन नआएपनि केहि कुरामा परिवर्तन देख्न सकिन्छ । पहिला महिलाहरू घाटमा जादैनथे, आजकल जाने गर्दछन्, छोरीहरूले पनि दागवत्ती दिने

चलन बन्दै गएको पाइन्छ । पहिला मलाम जाँदा सबैले दाउरा लगेर त्यै दाउराले पुग्थ्यो आजकल दाउरा कम लाने हुँदा किनेर दाहसंस्कार गर्ने चलन छ । मलामीमा महिलाहरू धेरै संख्या बढ्दै गएको देखिन्छ युवाहरू विदेश पलायन भएका कारण महिला र बुढाबुढीहरू बढि मलामी गएको पाइयो । पहिला दाहसंस्कारमा प्रयोग गर्ने कतिपय सामानहरू आजकल लोप भएका कारण नपाउँदा अन्य विकल्पहरू रोजेर दाहसंकार गर्ने गरेको पाइयो ।

## ५.५ पराजुली समुदायका चाडपर्व

पराजुली समुदायले निम्न अनुसारका चाडपर्वहरू मनाउने गरेको पाइन्छ । जसलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

### ५.५.१ अक्षय तृतीया

वैशाख शुक्ल तृतीयाका दिन अक्षय तृतीया चाड मनाइन्छ । यो महादेव र पार्वतिको विवाह भएको दिन हो । त्यसकारण यस दिनमा विवाह गर्न साइत हेर्नु पर्दैन भन्ने जनविश्वास रहेको छ । यस दिनमा गरेको दान, होम आदिको फल श्रय नहुने भएकाले अक्षय भन्ने गरेको भनाई छ । यो ज्यादै गर्मी बेलाको दिन पनि भएकाले सख्खर पानी पिएर शितल हुने गरिन्छ । भिजाएको सख्खरमा पानी थपेर बनाएको झोललाई स्वादिलो बनाउन सुकमेल, अलैची, दाल, चिनि मिसाउने चलन छ । माटोको घैटोमा वा फ्रिजमा राखी यो सख्खर पानीलाई चिसो गरिन्छ । विष्णु भगवानको सातौ अवतार यसै दिनमा जन्मेका हुन् त्यसकारण यो दिन जौको सातु बनाएर चिनी मिलाएर दिने चलन छ । पवित्र नदी, पोखरीमा नुहाएर चोखो हुने र पहाडका तिर्थहरू खुल्ने दिन पनि यही हो ।

पराजुली समुदायहरूले अक्षय तृतियाको दिनमा पौवा, शिव मन्दिर अथवा चौतारीमा वटुवाहरूको सेवाको लागि, सर्वत, खुदो महको सर्वत र जौको सातु सर्वसाधरण यात्रीहरूलाई वितरण गर्ने परम्परा रहेको थियो अहिले निजी धाराको प्रयोग हुँदै गएपछि यो चलन हट्दै गएको र यदपी कतै कतै गाउँ घरमा यो चलन रहेको पाइन्छ ।

### ५.५.२ साउने संक्रान्ति

साउन महिनाको १ गते मनाइने यो चाड पराजुली समुदाय तथा सम्पूर्ण ब्राह्मण क्षेत्रीहरूको वर्षको शुरुको चाड मानिन्छ । साउने संक्रान्तिमा खेतीबाली गरिसकेपछि शरीरमा

रहेको चिसो, खेतीवालीका क्रममा घाउँ खटीरा नियन्त्रण गर्नका लागि नुहाई धुवाई गरी शरीरलाई  उर्जा दिन मास फापरको पिठोको तेलमा फुराएर भोजन गरिन्थ्यो त्यसले गर्दा वर्षाभरीमा शरिरमा लागेको चिसो नियन्त्रण गर्छ भनेर साउने संक्रान्तिमा लागेको चिसो नियन्त्रण गर्छ भनेर साउने संक्रान्तिमा लुतो फाल्ने र फुलौरा खाने चलन पाइन्छ । यो चाडमा चेलीबेटीहरूलाई खाना  खुवाउन निम्तो गर्दछन् । यो चाडमा लुत्तेझार, भलायो, कुरिलो, सिउँडी, बेलौती, पाती तथा अन्य फलफूलको नमुना टिपेर जम्मा गरी अग्नी स्थापना गरी हाम्रो शरीरको विकास निकाल्ने, साँझै पूजा गरी आगाको अगुल्टालाई लुतो, खटिरा, पिलो नअटाओस् भनेर आफ्नो बारी कटाई  फाल्दछन् । यो चाडमा महिलाहरू हातमा तिहिरे लाउँछन् तर आजकल परिवर्तन भएर मेहेन्दी लाउने चलन रहेको छ ।

### ५.५.३ जनै पुर्णिमा

श्रावण शुक्ल पुर्णिमालाई जनै पुर्णिमा भनिन्छ । यो दिन ऋषीहरूलाई तर्पण दिने भएकाले यस दिनलाई 'ऋषीतर्पणी' पनि भनिन्छ । पराजुली समुदायले आफ्ना पुर्वज ऋषिहरूलाई तर्पण गरी, मन्त्रना गरिएको धागोलाई जनैको रूपमा ग्रहण गरी उक्त जनै गायत्री मन्त्रद्वारा जप गरी दैनिक कार्य प्रारम्भ गरिन्छ । सबै धार्मीक कार्यहरूमा तागाधारीहरूलाई जनै लाई देवकार्यमा देवतालाई पृतृ कार्यमा पृतृलाई अर्पण गरी आफ्नो कार्य पुर्ण गर्ने परम्परा रहेको छ । यस चाडमा पराजुली समुदायहरू बिहानै गाईघाट तथा अन्य धार्मिक स्थलमा गई जनैलाई मन्तरेर ल्याउने गर्दछन् । यस दिनमा भान्जा, भान्जी, ज्वाइलाई बोलाएर रक्षाबन्धन (जनै) बाँध्ने प्रचलन रहेको छ । यस दिनमा ब्रतबन्धका बेला मन्तर सुनाउने गुरुको हातबाट रक्षाबन्धन बान्ने महत्वपुर्ण चलन रहेको छ । यस दिन दिदि बहिनीले भाईलाई राखी लाइदिने प्रचलन पनी बढ्दै गइरहेको छ । यस दिनमा विशेष गरी क्वाटी खाने प्रचलन छ ।

### ५.५.४ तिज

हिन्दु महिलाहरूको महान पर्व तिज हो । यो चाड भाद्र शुक्ल द्वितिया देखि पञ्चमि सम्म ४ दिन मनाइन्छ । तिजमा शिवको समेत आराधाना गरिनुका साथ-साथै नाचगान र मनोरन्जन समेत गरिन्छ । अविवाहित महिलाहरूले आगवान शिव जस्तो पती पाउँभनी र विवाहित महिलाहरूले पतीको स्वास्थ्यको दिर्घायुका लागि व्रत बस्ने गर्दछन् । भनिन्छ आधी

शक्ति भगवान शिवको अर्धाङ्गीनी हिमालय पुत्री पार्वतिले भगवान शिवको स्वास्थ्य तथा शरिरमा कुनै बाधा उत्पन्न नहोस् भनेर व्रत बसेको दिन हो । गणेश चतुर्थी र ऋषिपञ्चमीलाई पनी तिजकै रूपमा मनाइन्छ । यस दिन स्त्रीहरूले पतिको निमित्त शिव पार्वतिको पुँजा गर्दछन् र व्रत बस्दछन्  र ऋषिपञ्चमीमा सप्त ऋषिलाई पूजा गरेपछि तिज सम्पन्न हुन्छ । गाउँ, छिमेकका महिला मिली सामुहिक रूपमा पुँजा आजा गर्दछन् र अन्तिम दिन पञ्चमिको दिन दतिउन खाने प्रचलन छ । पराजुली समुदायका महिलाहरू पनि तिजलाई माथि उल्लेखित रूपमा मनाउँदछन् ।

### ५.५.५ पितृ पक्ष

भाद्र महिनाको कृष्ण पक्षदेखि पन्ध्र दिनलाई पितृ पक्ष अर्थात सोह्रश्राद भनिन्छ । यो पन्ध्र दिनसम्म आफ्नो मरेर गएका पितृहरूको श्राद्ध गरिन्छ । आफ्नो आमा-बुबा तथा परिवारिक सदस्यहरूको मृत्युपछि उनीहरूको तृप्तिको लागि श्राद्ध गरिन्छ । कुन तिथीमा मृत्यु भएको हो त्यस तिथीमा श्राद्ध गरिन्छ जहाँ पितृलाई पिण्ड दिने  चलन गरिन्छ । पितृ पक्षमा मरेका बाबुआमा तथा सम्पूर्ण पितृहरूलाई गरिने श्राद्ध महालय श्राद्ध (सोह्र श्राद्ध) भनिन्छ ।

### ५.५.६ वडा दशै

कुनै पनि देशका आ-आफ्नै परम्परा र संस्कृति हुन्छन् । यस्ता चाडपर्व त्यस देशको इतिहास, संस्कृति र परम्पराको प्रतिबिम्ब लिएर आएका हुन्छन् । दशै राष्ट्रिय चाडका रूपमा आउँछ । दशै शरद ऋतु, अश्विन शुक्ल पक्षमा प्रतिपर्दादेखि दशमी र त्यसपछि कोजाग्रत पुर्णिमासम्म मानिने विशेष पर्व हो । यो पर्व हरेक वर्ष शुक्ल प्रतिप्रदा देखि आश्विन शुक्ल पुर्णिमासम्म रहन्छ, तैपनि दशै भनेर अश्विन शुक्ल दशमीलाई लिइन्छ । अश्विन शुक्ल प्रतिपदाको दिनलाई घटस्थापना भनिन्छ । यस दिन घर-घरमा नवदुर्गाको पूजा गरिन्छ । अरु हिन्दु जातिहरूले घटस्थापनाको दिनमा घटस्थापना गरी 'जमरा' राख्दछन् तर पराजुली समुदायले अश्विन शुक्ल प्रतिपदाको दिन नराखी आश्विन शुक्ल द्धितियाको दिन साँझमा चन्द्र दर्शन गरेर दिप, गणेश कलशको पूजा गरी जौको जमरा राख्ने चलन छ ।

कोठाभित्र छोपेर राखीने हुँदा जमरा पहेलो हुन्छन् । पहिलो दिन प्रतिप्रदाका दिन प्रतिमा स्थापना गरिएका नवदुर्गालाई नवरात्रीभर पूजाआजा गर्ने र नौ दिनसम्म नै दुर्गा सप्तशक्तीको पाठ गर्ने चलन छ । यि नौ दिनको अवधिलाई नवरात्र भन्ने गरिन्छ ।

दशैको विषेश चाड चाँही सप्तमीदेखि शुरु हुन्छ । सप्तमीको दिनलाई फूलपाती भनिन्छ । यस दिन गोरखाबाट काठमाण्डौंको हनुमानढोकामा फूलपाती भित्र्याइने चलन छ । पोखरामा भने कास्कीकोटदेखि विन्ध्यवासिनीमा फूलपाती भित्र्याइने चलन छ । अष्टमी र महानवमीको दिन सम्पूर्णले देविका मन्दिरहरूमा बली दिने, मार हान्ने, मौलो पुजा गर्ने चलन छ । अष्टमीको रात्री कालरात्री गर्ने चलन छ । दशमीलाई विजयादशमी भनिन्छ । पौराणिक कथाअनुसार त्रेतायुगमा रामले लङ्का राजालाई पराजीत गरेपछि त्यो समयदेखि बिजयादशमी मनाइएको भन्ने भनाई  रहेको छ । विजयादशमीको दिन मान्यजनको हातबाट टिका जमरा लगाउने र मान्यजनबाट आर्शिवाद लिने गर्दछन् । पोखराका पराजुलीहरू भने विजयादशमीको दिन मात्र टीका जमरा लगाउने चलन छ ।

### ५.५.७ तिहार

तिहार वा दिपावली हिन्दुहरूको दोस्रो ठूलो चाड हो । यो चाड कार्त्तिक कृष्ण त्रयोदशीका दिनदेखि कार्त्तिक शुक्ल दितियका पाँच दिनसम्म मनाइन्छ । तिहारको पौराणिक सम्बन्ध यम र उनकी बहिनी यमुनाका कथासँग जोडिएको छ । तिहारमा पाँच दिनलाई यमपञ्चक भनिन्छ । पहिलो दिन काग तिहार, दोस्रो दिन कुकुर तिहार, तेस्रो दिन गाई तिहार, चौथो दिन गोरु तिहार र पाँचौ दिन भाइ तिहार  र पाँचौ दिन भाइ तिहार वा भाइटिका लगाई मनाइन्छ । दिदि भाईको सम्बन्धको एकदमै महत्वपूर्ण दिन हो यो । यसमा धेरै वर्ष सम्म नभेटिएका दिदि बहिनीहरू समेत भेटिन्छन् । भाइटिकाको दिन दिदीबहिनीले अस्ट चिरञ्जीवी र यम यमुनाको पूजा गरी आफ्ना दाजुभाईलाई लगाइदिने सात थरीका रंग टिका हो । तिहारमा लक्ष्मीको पूजा गर्नाले घरमा लक्ष्मीको बास हुन्छ भन्ने जनविश्वास रहेको छ । जुन पराजुली समुदायमा पनि विशेष रूपमा मनाइन्छ ।

### ५.५.८ माघेसंक्रान्ति

माघेसंक्रान्ति माघ १ गतेका दिन मनाइन्छ ।  चिसो मौसमबाट प्रभावित भई माघेसंक्रान्तिमा तरुल, सखरखण्ड, खुदो, चाकु जुस्ता पोषिलो खाना खाने र नयाँ चाडपर्वहरूको आगमनका प्रारम्भका रूपमा माघेसंक्रान्तिलाई लिइन्छ । यस दिनमा छोरी, ज्वाई, भान्जाभान्जीहरूलाई घरमा बोलाई क्वाँटी, तरुल, सखरखण्डा जस्ता खानेकुराहरू खुवाइन्छ, अहिले यो चाड सबै समुदायहरूले मनाउने गरेको देखिन्छ ।

### ५.५.९ बसन्त पञ्चमी

बसन्त पञ्चमी हिन्दुहरूको पर्व हो । यस दिन विद्याकी देवी सरस्वतीलाई पुजा गरिन्छ । यो माघ शुक्ल पञ्चमीका दिन मनाइन्छ । यस दिनमा विद्यालय, सरस्वती मन्दिरहरूमा विद्याकी देवी सरस्वतीको पुँजा गरिन्छ । साना-साना बालबालिकाहरूलाई यसै दिन अक्षर लेख्न सिकाउने चलन पराजुली समुदायमा रहेको छ ।

## ५.६ पराजुली समुदायका लोकपरम्परा र रितीरिवाज

पराजुली समुदायका आफ्नै लोकपरम्परा र रितीरिवाजहरू रहेका छन् । ति लोकपरम्परा र रितीरिवाज निम्नानुसार रहेका छन् ।

### ५.६.१ कुलायन पूजा

पराजुली समुदायको कुल मन्दिर अथवा कुल पूजा गर्ने स्थान ठूलो खरबारी (हाल पृथ्वीनारायण क्याम्पस) हो । पहिले करिब ३०/३५ वर्ष अगाडिसम्म साठीको खरबारी भन्ने जग्गामा खर काट्दा हाजिर गर्ने चलन थियो । हाजिर मुखियाले गर्थे । खर काट्ने वखत मुखियाले नाम बोलाउथे पहिला-पहिला साठीको खरबारीको हेरविचार गर्न मुखिया र हेरालो थियो पछि मुखिया र हेरालो राख्ने चलन हरायो, पहिला-पहिला साठीको खरबारी भन्ने जग्गा सुरक्षा गर्न र गाई भैसीबाट बचाउन प्रत्येक वर्ष चैत्र १ गते पराजुली भाईहरू खरबारीमा जम्मा भै पर्खाल लगाउने चलन थियो, त्यस दिन पर्खाल लगाउन नआउनेले १ दिन खर काट्न नपाउने चलन रहेको थियो । पहिला पराजुली समुदायले घर बनाउँदा र खरले घर छाउँदा सबै भाइहरू भेला भई काट्दा ढुङ्गा, माटो ओसारी सहयोग गर्ने चलन थियो । आजकल खरले घर छाउने चलन हरायो । त्यस खरबारीसँगनै पराजुली समुदायको कुल रहेको मुख्य सूचनादाताहरूबाट थाहा पाइयो । पहिला पहिला पराजुली समुदायले 'कुल देवताको पूजा' प्रत्येक ब्राह वर्षको १ पटक गर्ने चलन थियो । पराजुली समाज गठन भएपछि २०३८ सालदेखि प्रत्येक ५ वर्षमा गर्ने गरियो । त्यो ५ वर्षको समय पनि लामो भएको महशुष गरी २०५७ साल जेष्ठ शुक्ला गैडु पुर्णिमाको दिन बसेको बैठकले निर्णय अनुसार प्रत्येक ३-३ वर्षमा कुलदेवताको पूजा गर्ने नियम बसेको छ । पराजुलीका कुल देवता 'मस्ट बराह' हुन् । पहिले कुल देवताको पुजा गर्दा भेडा र बोकाको जीव बली दिने चलन गर्दै आएको

भएतापनि धार्मिक ज्ञानको हिसाबले जीव बली दिनु त्यती राम्रो नभएको हुनाले २०५६ साल असार १४ गते बैठक बसी जीव वली हटाइएको थियो । स्वेच्छिक रूपमा शाहाकारीहरूले बोका बलीको सट्टा नरिवल बली दिने प्रचलन पराजुली समुदायमा रहेको छ । अहिले गाइको दुधमा पकाएको खिरले हवन गरी साधा पूजा मात्र गर्ने चलन पराजुली समुदायमा रहेको छ । पराजुलीहरूमा गैडु पुर्णिमाको ठूलो महत्व रहेको छ । कुलपूजाका दिन कुललाई ध्वजा पताको तोरण आदिले सजाउछन्, दिप कलश पुजन, गणेश पुजन गरी मातृका पूजा गरिन्छ । कुल मन्दिर भएको ठाउँमा त्यस दिन ब्राह्मणवरण, पुण्यवाचन, दुर्गासप्तराती, रुद्री, श्रिमदभागवत् देवी भागवत पूजा गरी कुल पूजा सम्पन्न गर्दछन् । कुल देवताको पूजामा चिप्लेढुङ्गा, गैह्रापाटन, नदिपुर, अर्चलबोटका पराजुलीहरू आ-आफ्नै पाइक पर्ने स्थानमा भेला भई रंगका धजा र रंगले सजिएका उखु र निगालो बोकि पराजुली दाजुभाई कूल मन्दिरमा गई पूजा गर्दछन् ।

### ५.६.२ भिमकाली पूजा

हाल पोखरा पृथ्वीनारायण क्याम्पस पराजुलीहरूको विर्ता जग्गा हो जुन जग्गा पछि पृथ्वीनारायण क्याम्पसलाई दिइएको थियो, त्यहि अवस्थित ठूलो भिमढुङ्गामा पराजुलीहरूको पूजा गर्ने चलन छ । उनीहरू प्रत्येक वर्ष जेष्ठ शुक्ल, गैडु पुर्णिमा र मार्ग शुक्ल पुर्णिमाको दिनमा भिमकाली मन्दिरमा भेला भई पूजा गर्ने गर्दछन् । पहिले भिमकाली देवीको मन्दिरमा पनि जीव बली दिई पूजा गर्दै आएकोमा अव आइन्दा जीव बली नदिने हवन आदि कर्म गरी नरिवलको बली दिई शुद्ध गाईको दुधमा पकाएको खिरले हवन गरी साधा पूजा मात्र गर्ने चलन चलेको छ । जहाँ एकाह गरी पूजा गर्ने गरिन्छ । अरु सबै कार्यहरू कुल पूजासँग मिल्दोजुल्दो रहेको मुख्य सूचनादाताहरबाट जानकारी पाइयो

### ५.६.३ भंगेर पूजा

जेष्ठ शुक्ल गैडु पुर्णिमाको दिन र मार्ग शुक्ल गैडु पुर्णिमाको दिनमा चोखो शुद्ध पूजाको सामाग्री तयार गरी लाभा, रोटी, गाईको दुधमा पकाएको खिर, दुध,पानी आदि फूल प्रसादहरू तयार गरी आफ्नो क्षेत्रपाल (भंगेर) देवताको पूजा गर्ने चलन छ । भंगेर पूजामा पराजुली समुदायहरू तिन-तिन वर्षमा १ पटक भेडाँको बली र छ-छ महिनामा खिर, पुवा प्रसाद दिई पूजा गरिन्छ । त्यस स्थानमा त्यो दिन बाँस वा निगालेलाई रातो, पहेलो, सेतो

रंगले सिँगारी त्यसमा रातो, पहेलो, सेतो कपडाको धजा बाँधेर राख्ने चलन छ । भंगेर पूजा आफ्नो क्षेत्र, स्थानहरूमा गरिन्छ ।


### ५.६.४ विन्ध्यवासिनी

पोखरामा रहेको प्रख्यात मन्दिर बिन्ध्यवासिनी देवी पराजुली समुदायको आरध्यदेवीका रूपमा मान्दछन् । बिन्ध्यबासिनी मन्दिरमा देविको पुँजा हरेक साझँ बिहान गरिन्छ । यस मन्दिरको स्थापना राजा सिद्धिचरण शाहले स्थापना गरेको भनेर मुख्य सुचनादाताहरू बताउनु हुन्छ । अर्धवार्षिक रूपमा हुने सप्तचण्डी, नवचण्डी पाठ पुँजामा पराजुलीहरूद्वारा आराधाना गर्दछन् । यस पुँजा गर्ने चलन परापुर्व काल देखि रहेको बताइन्छ । पराजुली समुदायहरू पुरानो बासिन्दा भएका कारण उनीहरूले परापुर्वकाल देखि नै बिन्ध्यबासिनी देविको पुँजा गर्ने र बिन्ध्यवासिनी भगवतीलाई इस्ट देवीको रूपमा मानेका छन् । पराजुली समुदायको सदस्यहरू अझ विशेष चैत्र शुक्ल पुर्णीमा र आश्विन शुक्ल पुर्णीमा गरी वर्षमा दुई पटक पुँजा आराधाना गर्दछन् ।

## ५.७ परिवर्तनका तत्व तथा सूचकहरू

जब समाजको विभिन्न बाहिरी तत्वहरूसँग सम्बन्ध बढ्दै जान्छ तव समाजमा परिवर्तनका संकेतहरू देख्न सकिन्छ । विकास परिवर्तनको महत्वपूर्ण माध्यम हो । मानिसहरूको विचार, धारणा, मानसिकतामा परिवर्तन आउन त्यति सजिलो पनि छैन । यसका लागि धेरै समय र प्रयासहरूको आवश्यकता पर्दछ केहि परिवर्तन योजनाबद्ध रूपमा पनि हुने गर्दछन् । पोखरा उपमहानगरपालिकाका पराजुली समुदायको साँस्कृतिक परिवर्तनका तत्व तथा सूचकहरू विभिन्न रहेको छन् ।

चित्र ५.१ परिवर्तनका तत्वहरू




### ५.७.१ पश्चिमीकरण

पश्चिमीकरण महत्वपूर्ण तत्व हो । मुख्य सूचनादातासँगको अर्न्तवार्तामा सूचनादाताका अनुसार पराजुली समुदायको परम्परागत भेषभुषा परिवर्तन गरी जिन्स पाइन्ट, पाइन्ट, कुर्ता सुरुवाल, सर्ट, जुत्ताहरू, पार्टीमा रक्सीको प्रयोग, प्रेम दिवस, क्रिसमस डे तथा पोशाक, खाना तथा चाडपर्वहरूमा परिवर्तन भएको पाइन्छ । नयाँवर्ष पनि अहिले अंग्रेजी नयाँ वर्ष मनाइन्छ पोखरा पर्यटकिय क्षेत्र भएको कारण यहाँ विभिन्न देशका थुप्रै पर्यटकहरूको आगमन हुन्छ जसको कारण नेपाका अरु ठाउँभन्दा पोखरामा पश्चिमीकरणको प्रभाव अत्याधिक भएको पाइन्छ । जसले गर्दा पराजुली समुदायमा परम्परागत संस्कृति, विवाहमा अदालती विवाह जस्ता कुराहरू परिवर्तन भएको छ । त्यसकारण पश्चिमीकरण महत्वपूर्ण सांस्कृतिक परिवर्तनको तत्वको रूपमा लिइन्छ ।

### ५.७.२ औद्योगिकरण

विभिन्न किसिमका उद्योग, घरेलु तथा साना उद्योग, लघु उद्योग, पर्यटन उद्योगहरूको स्थापनाले पनि अध्ययन क्षेत्रका मानिसहरू त्यसतर्फ आकर्षित भई आफ्नो पुर्ख्यौली पेशा त्यागेको पाइन्छ र पहिला भन्दा आम्दानी बढेको देख्न सकिन्छ । जसले गर्दा पराजुलीहरूको जिवनशैलीमा प्रभाव परेको देखिन्छ । पोखराका औद्योगिकरणले पराजुलीहरूमा साँस्कृतिक परिवर्तनमा टेवा पुऱ्याएका छन् । जसले गर्दा पराजुली समुदायको साँस्कृतिक परिवर्तनको महत्वपूर्ण तत्वको रूपमा औद्योगिकरणलाई पनि लिन सकिन्छ ।

### ५.७.३ आधुनिकिकरण

अध्ययन क्षेत्रका मानिसहरू विभिन्न ठाउँहरूमा गएका छन् । कोही पढाइको लागि, कोही जागीरको लागि, कोही श्रमिकका रूपमा, कोही उद्योग, व्यापारहरूमा सहभागी भएका छन् । उनीहरूले खानपान, पहिरन, भाषा र घरहरूको प्रकृतिमा परिवर्तन गर्नु र विभिन्न सामाजीक, राजनितिक र शैक्षिक क्षेत्रमा सहभागी हुनु, यो एउटा आधुनिकिकरणको प्रभाव हो । यसले सामाजीक, साँस्कृतिक, पेशागत परिवर्तन गराउन महत्त्वपूर्ण भुमीका खेलेको छ ।

### ५.७.४ आर्थिक पक्ष

अध्ययन क्षेत्रका पराजुली समुदायमा विभिन्न किसिमका परिवर्तनहरू भएका छन् । जस्तैः घरहरूको प्रकृती, पेशा, व्यवस्थीत जिवन शैली, स्वास्थ्य क्षेत्रमा परिवर्तन, आधुनिक सोच आदिमा परिवर्तन आएको छ । उनीहरू आमा समुह, सहकारी संस्था, विभिन्न क्लवहरू, विभिन्न बैङ्कहरूमा बचत गरी ऋण निकालेर तथा आफ्नो पुर्ख्यौली सम्पती बेच्ने तथा धितो राखी विभिन्न क्षेत्रमा लगानी गरी आर्थिक पक्ष बलियो बनाएको पाइयो । यसको कारण परम्परागत जिवन शैलीमा परिवर्तन हुन पुग्यो । त्यसकारण आर्थीक पक्ष, सामाजीक, साँस्कृतिक पेशागत परिवर्तनको बलियो तत्त्व हो ।

### ५.७.५ शिक्षा

शिक्षा समाज विकासको अत्यन्त जरुरी तत्त्व हो । शिक्षाले समाजलाई प्रगती तर्फ बढाउन सहयोग गर्दछ । शिक्षाले मानिसहरूको चेतना, ज्ञान, र क्षमता वृद्दी गर्न मुख्य भुमिका खेलेको हुन्छ । अध्ययन क्षेत्रका पराजुली समुदायका मानिसहरूले आफ्नो बच्चाहरूलाई निजी स्कुलहरूमा पढाउने, पहिले-पहिले संस्कृत पढ्नु पर्छ अरु पढ्न हुन्न भन्ने धारणा रहेको थियो । तर अहिले त्यसमा शत प्रतिशत परिवर्तन भएको छ । पराजुली समुदायहरूले शिक्षाको महत्वलाई राम्रोसँग बुझेको पाइयो । त्यसैले शिक्षा पनी साँस्कृतिक परिवर्तनको मुख्य स्रोत हो ।

### ५.७.६ सञ्चार/प्रविधि

सञ्चार/प्रविधिले विश्वका हरेका ठाउँको कुरा एक सकेण्डमा हरेक क्रियाकलापहरू अन्य ठाउँमा पुग्छ । मुख्य उत्तर दाताहरूका अनुसार सुचना, सञ्चार र प्रविधिका कारण

पश्चिमीकरण बढेको बताएका छन् । सिनेमाहरू, सामाजीक सञ्जालहरू, विभिन्न टि.भी च्यानलमा प्रसारण हुने विदेशी कार्यक्रमहरूका कारण परम्परागत जिवन शैली परिवर्तन भएको पाइन्छ । तर पछिल्लो सञ्चार र प्रविधिका कारण प्रशस्त आम्दानी भएको छ । यसले सकारात्मक तथा नकारात्मक भुमिका खेलेको छ । यसको कारण सञ्चार/प्रविधि पनी साँस्कृतीक पेशागत परिवर्तनको तत्व हो ।

### ५.७.७ सामाजीक संघ संस्थाहरू

समुदायमा स्थापीत भएका विभिन्न किसिमका संघ संस्थाहरू जस्तैः राजनिति, सामाजीक, सरकारी तथा गैर सरकारी संस्थाहरूले परम्परागत प्रणालीमा परिवर्तन ल्याउनमा उत्तरदायी भुमीका खेलेका छन् । विभिन्न हस्पीटलहरूले परम्परागत उपचार पद्दतीमा परिवर्तन ल्याउन, विभिन्न बैङ्क, बचत तथा ऋण सहकारी संस्थाहरूले व्याज उपलब्ध गराएर विभिन्न उद्योग, व्यापार जस्ता पेशा गर्न सहयोग पुऱ्याएका छन् । महिलाहरूको शशक्तीकरण आमा समुह जस्ता सानो-सानो संस्थाको पनी ठुलो भुमीका रहेको छ । त्यसैले पराजुली समुदायको साँस्कृतिक, सामाजीक तथा पेशागत परिवर्तनका तत्त्वहरू मध्ये सामाजीक संगठन पनी एक हो ।

यसरी यि विभिन्न तत्त्व तथा सुचकहरूले सामाजीक, साँस्कृतिक तथा पेशागत परिवर्तन ल्याउन महत्त्वपुर्ण भुमिका खेलेको पाइयो ।

# अध्याय - छ

# साराशं, मुख्य प्राप्ती र निष्कर्ष

## ६.१ सारांश

एसिया महादेशमा पर्ने नेपाल विश्वको मान चित्रमा सानै देखियता पनि सामाजीक र सांस्कृतिक विशेषताका दृष्टिकोणले भरिपुर्ण छ । विभिन्न जातजाति, भाषाभाषी र समुदायको साझा फूलबारीका रूपमा रहेको नेपाली समाजको संरचना नेपालको भुखण्डको संरचना भएको विविधता जस्तै रहेको छ । विभिन्न जातजातिले आफ्नो सामाजीक एवंम सांस्कृतिक विविधताले नेपाललाई धनी बनाउन सहयोग गरेका छन् । यस्तै समुदाय मध्ये पराजुली समुदाय पनी एक हो । पराजुलीहरू बाह्म्ण जातजाती मध्यको एक हो । पोखरा उप-महानगरपालीका क्षेत्रका पराजुली समुदायको बारेमा कसैले पनी अध्ययन अनुसन्धान गरेको पाइदैन । यस अध्ययनको शिर्षक पोखराको पराजुलीहरूको सांस्कृतिक, सामाजीक र पेशागत परिवर्तन राखिएको छ । यसै शीर्षकको आधारमा यस क्षेत्रमा बसोबास गर्ने पराजुली समुदायको सामाजीक, सांस्कृतिक, शैक्षिक, आर्थिक अवस्थामा आएको परिवर्तनको अध्ययन गरिएको थियो ।

यस शोधपत्रमा पोखराका पराजुली समुदायको सांस्कृतिक परिवर्तनका मुख्य सुचकहरू के-के हुन् ? पराजुली समुदायले अंगिकार गरेका प्रमुख संस्कारहरू र रितिरिवाज के-के छन् ? पराजुली समुदायको पेशामा कसरी परिवर्तन आयो ? आदी समस्याहरूको उत्तर खोज्ने प्रयास गरिएको थियो । यस अध्ययनको उद्देश्यहरूमा पोखराका पराजुली समुदायको सांस्कृतिक परिवर्तनका मुख्य सुचकहरूको विश्लेषण गर्नु, पोखराका पराजुली समुदायमा देखिएको सांस्कृतिक परिवर्तनको पहिचान गर्न, उनीहरूले अंगिकार गरेका संस्कार र रितिरिवाज अध्ययन गर्न र पराजुली समुदायको पेशामा आएको परिवर्तनको खोजी गर्नु रहेको थियो ।

अनुसन्धानका निमित्त विभिन्न अध्ययन विधिहरूको माध्यमबाट वि.सं २०७३ को जेष्ठ देखि श्रावण सम्म आवश्यक तथ्याङ्कहरू संकलन गरिएको थियो । पोखरा उप-महानगरपालीकामा पुर्खौ देखि स्थायी रूपमा बसोबास गर्नेहरूलाई आधार बनाई अध्ययन

क्षेत्रको रूपमा लिइएको छ । अनुसन्धान योजना अन्तर्गत विवरणात्मक ढाचाँको प्रयोग गरियो । कुल ११७ घर धुरी रहेकोमा सम्पुर्ण अध्ययनका लागि जनगणना विधि अपनाइयो । प्रत्येक घरधुरीबाट एक/एक जना गरी ११७ जना घरधुरी उत्तर दाताहरू समेटिएका छन् ।

मुख्य सुचनादाताका अनुसार अध्ययन क्षेत्रका पराजुलीहरू आफुलाई पोखराको स्थानिय बासिन्दाको रूपमा लिन्छन् । उनीहरू आठ/नौ पुस्ता देखि पोखरामा बसोबास गरेको बताउँछन् । पछि बिस्तारै विभिन्न जातजातीहरू त्यस ठाउँमा बसाईसराई गरि आएपछि उनीहरूसगँ सम्बन्ध बढ्यो । पोखरामा विकास हुदैं जाने क्रममा आधुनिकता, पर्यटन, सञ्चार, औधोगिकिकरण जस्ता तत्वहरूले गर्दा उनीहरूले आफ्नो परम्परागत ढाचाँलाई र संस्कृतीलाई त्याग्दै गएको पाइयो ।

## ६.२ मुख्य प्राप्तीहरू

अध्ययन क्षेत्रका उत्तरदाताहरूको शैक्षिक स्तरमा पनी परिवर्तन आएको छ । पहिले-पहिले संस्कृत पढाउने चलन मात्र भएपनी हाल संस्कृत पढेको शुन्य पाइयो । अहिले विभिन्न विषयहरूमा अध्ययन गरेको पाइयो । अध्ययन क्षेत्रमा स्वास्थ्यको स्थिती हेर्दा पहिला-पहिला मिश्रित देखिय पनी हाल मेडिकल, हस्पिटलहरूको प्रयोग गरेको देखिन्छ भने शत प्रतिशत घर निजी धारा प्रयोग गरेको पाइयो ।

अध्ययन क्षेत्रका पराजुली समुदायले साउने संक्रान्ति, जनै पुर्णिमा, तिज, वडा दशै, तिहार, माघे संक्रान्ति जस्ता चाडपर्वहरू मनाइएको पाइयो भने उनीहरूको लोकपरम्परा र रितिरिवाज अन्तर्गत कुलायन पुजा, भिमकाली पुजा, भंगेर पुजा र विन्ध्यवासिनी पुजा रहेको पाइयो । साथ-साथै सबै उत्तरदाताहरूले हिन्दु धर्म नै मान्ने गरेको पाइयो ।

उनीहरूले पोशाकहरूमा परिवर्तन गरेको पाइयो । पहिले सुरुवाल र चोलो साडी लाउनेमा अहिले सर्ट, पाइन्ट र महिलाहरूले कुर्ता सुरुवाल, पाइन्ट लाउने गरेको पाइयो ।

अध्ययन क्षेत्रका पराजुली समुदायका अन्य समुदायको तुलनामा राजनिति तथा स्थानियस्तरका संघ संस्था र समुहहरूमा बढी सहभागिता रहेको पाइयो । पराजुली समुदायको सांस्कृतिक परिवर्तनमा यातायात, प्रविधि, पर्यटन, शिक्षा, आर्थिक पक्ष, सामाजीक संघ संस्थाहरू, आधुनिकिकरण जस्ता तत्वहरूले प्रभाव पारेको पाइयो ।

- अध्ययन क्षेत्रमा ११७ घरधुरी संख्या रहेकोमा ११७ घरधुरीलाई नै छनौट गरिएको थियो ।
- अध्ययन क्षेत्रको पराजुलीहरूको जनसंख्या ५८० रहेको छ । यसमा ३०२ पुरुष (५२.०६%) र महिला २७८ (४७.९३%) रहेका छन् ।
- अध्ययन क्षेत्रमा बसोबास गर्ने पराजुलीहरू मध्ये एकल परिवार  बढि पाइयो । एकल परिवार (७३.५७%) र संयुक्त परिवार ३१ (२६.५७%) रहेको पाइयो ।
- अध्ययन क्षेत्रमा पुर्ख्यौली थलो अन्तर्गत बसाई गर्नेहरूलाई ५ भागमा विभाजन गरिएको थियो । जसमा मिरुवाली ३८ (३२.४७%) डडाँली २६ (२२.२२%), अर्चलवोटे २३ (१९.५४%), नदिपुरे १० (८.५४%), र अन्यमा २० (१७.०९%) पाइयो ।
- अध्ययन क्षेत्रका उत्तरदाताहरूको मुख्य आम्दानिका स्रोत अन्तर्गत जागीर ६० (५१.२८%), व्यापार २८ (२३.९३%), रेमिटेन्स १८ (१५.३८%), पुरोहित ५ (४.२७%) र अन्यमा ६ (५.१२%) उत्तरदाताहरू रहेको पाइयो ।
- अध्ययन क्षेत्रका उत्तरदाताहरू मध्ये जग्गा जमिनको अवस्था हेर्दा १ रोपनी सम्म भएका ५५ (४७%) १-५ रोपनी ३३ (२८.२०), ५-१० रोपनी १९ (१६.२३%), १० रोपनी भन्दा माथी १०(८.५४%) पाइयो ।
- अध्ययन क्षेत्रका उत्तरदाताहरूको मासिक आम्दानी आय अन्तर्गत १-२०,००० सम्म कमाउने २८ (२३.९३%), २०,०००-३०,००० सम्म ३९ (३३.३३%), ३०,००० देखी ५०,००० सम्म ३७ (३१.६२%) र ५० हजार भन्दा माथी कमाउने १३ (११.११%) पाइयो ।
- अध्ययन क्षेत्रको उत्तरदाताहरूको पारिवारिक रोजगारीको विवरण हेर्दा एक जनाले मात्र काम गर्न परिवार संख्या ६३ (५३.८४%) दुई जना ३४ (२९.०५%) र तिन जना भन्दा माथि २० (१७.०९%) रहेको पाइयो ।
- अध्ययन क्षेत्रको उत्तरदाताहरूको घरको वनावट हेर्दा पक्की घर ८९ (७६.०६%), ब्लक र जस्ता २० (१७.०९%) र कच्ची घर ८ (६.८३%) रहेको पाइयो ।
- अध्ययन क्षेत्रको उत्तरदाताहरूको शैक्षिक स्तर हेर्दा निरक्षर २ (१.७०%) साक्षर प्राथमीक १३ (११.११%), माध्यमिक ५ (४.२७%), उच्च माध्यमिक ४१ (३५.०४%) र स्नातक वा सो भन्दा माथी ५६ (४७.१७%) रहेको पाइयो ।

- अध्ययन क्षेत्रको पराजुली समुदायमा एकल विवाह ११४ (९७.४३%) र बहु विवाह ३ (२.५६%) पाइयो भने सजातिय १०२ (८७.१७%) र अन्तरजाती १५ (१२.८२%) रहेको पाइयो ।

## ६.३ निष्कर्ष

नेपाल एक बहुजातिय, बहुभाषिक र बहुसम्प्रदायीक राष्ट्र हो । यहाँ विभिन्न जातजातिकि मानिसहरूको बसोबास रहेको छ । ति मध्ये पराजुली समुदाय पनी एक हो । पराजुली समुदायको आफ्नै लोक संस्कृती, परम्परा, संस्कारहरू, मूल्य मान्यता तथा चाड पर्वहरू रहेका छन् । अध्ययन क्षेत्रका पराजुली समुदायको पराजुलीहरूको जिवनशैली, भेषभुषा, रहनसहन, पेशा, शिक्षा, चाड पर्वहरूमा तथा संस्कारहरूमा परिवर्तन आएको पाइयो । उनीहरूको समुदायमा परिवर्तन ल्याउने तत्वहरूमा प्रविधि, यातायात, शिक्षा, औधोगिकरण, पश्चिमिकरण, पर्यटन, सञ्चार आदी रहेको पाइयो ।

पराजुली समुदायको आर्थिक सामाजीक र साँस्कृतिक अवस्थामा परिवर्तन ल्याउने महत्वपूर्ण तत्वहरू मध्ये आधुनिकिकरण मुख्य तत्व हो । यसको कारण उनीहरूको पुर्ख्यौली पेशा, संस्कृति, रहनसहन, संस्कारहरूमा परिवर्तन हुँदै गयो । परम्परागत कुराहरूलाई आधुनिकिकरणले विस्थापन गर्दै नयाँ शैली अपनाउदै गएको पाइयो । भेषभुषाहरूमा परिवर्तन, चाडपर्वहरू मनाउनेशैलिका परिवर्तन, संस्कारहरूलाई परिवर्तित रूपमा लादै जानु, खानाहरूमा परिवर्तन, पुर्ख्यौली पेशाहरूलाई, पुर्ख्यौली शिक्षाहरूलाई पुर्ण रूपमा छोड्दै जानु जहाँ आधुनिकिकरणको प्रभाव देख्न सकिन्छ । जसका साथ साथै शिक्षा, प्रविधिहरू, सञ्चारका साधनका कारण, पश्चिमिकरणका कारण, पोखरा पर्यटकिय स्थल हो जहाँ पर्यटकहरूको संस्कृति अनुकरण गर्दै गएको पाइन्छ । यसले सकरात्मक नकरात्मक दुवै प्रभाव पारेको पाइन्छ । पराजुली समुदायको पुर्ख्यौली संस्कृति, दर्शन, लोक परम्परा इत्यादी कुराहरू लोप हुदै गएको देखिन्छ । विगतको तुलनामा भने राम्रो शिक्षाका कारण रोजगारीको नयाँ-नयाँ विकल्पका कारण आम्दानी राम्रो रहेको पाइयो ।

विवाह संस्कारहरूमा पहिले बहु विवाह बढी देखिएको थियो भने अहिले निकै कम छ । यसलाई भने राम्रो पक्ष मानिन्छ । पहिले आम्दानीको स्रोत पुरोहित थियो भने अहिले नोकरी रहेको छ । यसमा शिक्षाको भुमीका रहेको पाइयो । पराजुली समुदायमा प्राचीन काल देखि संयुक्त परिवार रहदै आएकोमा हाल आएर क्रमशः एकात्मक परिवारमा रूपान्तरण हुँदै गएको पाइयो । यसमा आधुनिकिकरणको प्रभाव अत्याधिक देखियो ।

यसरी पराजुली समुदायको सांस्कृतिक, सामाजीक तथा पेशागत परिवर्तन आएको छ । यसको कारण आधुनिकिकरण, शहरिकरण, सञ्चार, प्रविधि, शिक्षा, वाह्य संस्कृतिको प्रभावहरूले गर्दा यो पक्षहरूमा क्रमशः परिवर्तनको संकेतहरू देखिन थालेका छन् ।

# सन्दर्भ सामाग्रीहरू


अधिकारी, नारायण प्रसाद (२०६९), *हाम्रा स्रोह संस्कार,* पोखरा अमृत कम्प्युटर ।

गुरुङ, हर्क (२००४), *जातजाती सेरोफेरो,* ललितपुर नेपाल ।

नेपाली, गोपालसिहं (१९३३), *द नेवार,* वम्वेः युनाइटेड एसिया पब्लीकेशन ।

पाण्डेय, मधुसुदन (२०६४), *नेपालका जातजातिहरू,* काठमाण्डौं: पैरवी प्रकाशन ।

पराजुली, श्रिभद्र (२०७१), *पराजुली वंश दर्पण कास्की,* पोखरा अफसेट प्रेस ।

मिश्र, चैतन्य (२०६५), *बदलिदो नेपाली समाज,* काठमाण्डौं फाइन प्रिन्ट आइ.एन.सी ।

विष्ट, डोर बहादुर (२०००), *सबै जातको फूलबारी,* काठमाण्डौं : साझा प्रकाशन ।

वाग्ले, प्रभा (२०७३), *वारा जिल्ला कोहल्वी नगरापालिकाका थारु समुदायको संस्कृतिमा आएको परिवर्तन,* त्रिभुवन विश्वविद्यालय, शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* ललितपुर साझा प्रकाशन ।

Ember, And Ember (1985), *Carole R And Velivan,* Culturual Anthropology New Jarasi Nyadhasi Roberts.

Bhusan & Sachdev (2008), *An Introduction to Sociology,* Allahabad, Kitab Mahal India.

Bista, Dor Bahadur (1980), *The People of Nepal,* Ratna Pustak Bhandar, Kathmandu: Sajha Prakasan.

Brown, Redclife (1992), *The Andaman Icelandar,* University of California Press.

Fisher, James (1986), *Trans Himalayan Traders Economy,* Society and Cultural in North West Nepal, University of California Press.

Gautam And Thapa (1994), *Tribal Inthrography of Nepal,* Book Faith India.

Ojha, Netra Kumar (2007), *A Critic on Rostos Modernization Project Nepal: Journal of S.A.S.S. Vol. 2,* Central Department of Sociology/Anthropology T.U.

Rajaure, D.P. (1977), Anthropological Study of Tharu of Dang Deukhuri, The Research Central for Nepal and Asian Studies, T.U.

Regmi, Rishi Kesavraj (1999), *Diventions of Nepali Society and Culture,* Kathmandu, S.A.N, Research Institute.

# अनुसूची १

## १. सामान्य जानकारी

अन्तरवार्ता लिनेको नाम ............................... अन्तरवार्ता मिति : ....................

घरमुलीको नाम............................... उत्तरदाताको नाम : ...................

जिल्ला ....................गा.वि.स. ⁄ न.पा..................वडा नं:........गाउँ ⁄ टोल.................

उमेर ........... लिङ्ग................ वैवाहिक अवस्था ..................... धर्म ....................

## २. जनसांख्यिक विवरण

| क्र.सं. | घुमुलीसँगको नाता | लिङ्ग | उमेर | वैवाहिक अवस्था | | शैक्षिक योग्यता | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अवस्था | प्रकार | | | |
| १. | घरमुली | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

*नोट : घरधुरी भन्नाले एकाघरमा एउटै चुलोमा खाना खानेहरूलाई भनिन्छ ।*

**संकेत**

१. लिङ्ग : पुरुष-१, महिला-२

२. वैवाहिक अवस्था : विवाहित-१, अविवाहित-२, पारापचुके-३, विधुवा ⁄ विधुर-४

३. शिक्षा : निरक्षर-१, साक्षर (५ कक्षा सम्म)-२, ५ देखि १० कक्षा सम्म-३, एस.एल.सी देखि १२ कक्षा सम्म ४, स्नातक भन्दा माथी-५

४.पेशा : कृषि-१, जागीर-२, व्यापार-३, कृषि मजदुर-४, विद्यार्थी-५, वैदेशिक रोजगार-६, गृहिणी-७, केहि पनि नगर्ने-८

३. तपाईको छोरा, नाती र पिता पुर्खाको शैक्षिक विवरण दिनुहोला ?

| क.सं. | विवरण | छोरा | नाती | उत्तरदाता | पिता | हजुरवा-२ |
|---|---|---|---|---|---|---|
| १. | शिक्षा (तह) | | | | | |
| २. | शिक्षा प्राप्त संस्था | | | | | |
| ३. | विषयगत विशिष्टता | | | | | |
| ४. | छात्रवृत्ति वा आफै | | | | | |
| ५. | अनुमानित खर्च | | | | | |

४. तपाईको छोरा, नाती र पिता पुर्खाको पेशागत विवरण दिनुहोस् ।

| क.सं. | विवरण | छोरा | नाती | उत्तरदाता | पिता | हजुरवा-१ |
|---|---|---|---|---|---|---|
| १. | पेशा | १. | १. | १. | १. | १. |
| | | २. | २. | २. | २. | २. |
| २. | पद | १. | १. | १. | १. | १. |
| ३. | क्षेत्र | १. | १. | १. | १. | १. |
| | | २. | २. | २. | २. | २. |

*नोट १ : पेशाहरू कृषि, व्यापार, सेवा/नोकरी, उद्योग, रेमिटेन्स, ज्याला अन्य ।*

*नोट २: क्षेत्रहरू : स्वरोजगार, सरकारी, संस्थागत, निजी*

५. तपाईको पुर्ख्यौली खेतिपाती/कृषिसँग पनि सम्बन्धित हुनुहुन्छ भने तपाईको परिवारको भु-स्वामित्व सम्बन्धी केहि सूचना छ कि ?

| क.सं. | विवरण | उत्तरदाता | पिता | हजुरवा-१ | हजुरवा-२ |
|---|---|---|---|---|---|
| १. | खेत | | | | |
| २. | पाखो बारी | | | | |
| ३. | खरबारी | | | | |
| ४. | वन | | | | |
| ५. | घडेरी | | | | |
| ६. | घर | | | | |

६. तपाईको घर कस्तो किसिमको छ ?

| क.सं. | किसिम | चिन्ह |
|---|---|---|
| १. | पक्की | |
| २. | ब्लक र जस्ता | |
| ३. | कच्ची | |

७. हजुरको कस्तो प्रकारको खानेपानी स्रोत छ ?

क) इनार ख) कुवा ग) धारा घ) अन्य

८. तपाईको परिवारको मुख्य आयस्रोतहरू निम्न मध्ये कुन हो ? (बहु उत्तर आउने)

| प्राथमिकता | विवरण | प्राथमिकता अनुमानित मासिक आय | कैफियत |
|---|---|---|---|
| | कृषि | | |
| | व्यापार | | |
| | सेवा/नोकरी | | |
| | उधोगधन्दा | | |
| | रेमिटेन्स | | |
| | पुरोहित | | |
| | अन्य | | |

९. तपाईको पिता पुर्खाको बसोबास विवरण दिनुहोस् ।

| क.सं. | विवरण | उत्तरदाता | पिता | हजुरवा-१ | हजुरवा-२ |
|---|---|---|---|---|---|
| १. | जन्म - जिल्ला<br>- गाउँ<br>- टोल | | | | |
| २. | बसोबास - जिल्ला<br>- गाउँ<br>- टोल | | | | |

१०. तपाई निम्न मध्ये कुन पुर्ख्यौली थलो अन्तर्गत पर्नुहुन्छ ?

क) मिरुवाली ख) अर्चलवोटे ग) नदिपुरे घ) डडाँली

११. तपाई कुन पराजुली पर्नुहुन्छ ?

क) साठीघरे ख) चारघरे ग) अन्य

१२. तपाई पराजुली भित्र पनी कुनै जातिय तहमा पर्नुहुन्छ ?

क) उपाध्याय ख) जैसी ग) क्षेत्री घ) अन्य

१३. तपाईको कुनै सदस्य विदेशमा रहनुभएको छ ?

क) हुनुहुन्छ ख) हुनुहुँदैन

१४. यदि कुनै सदस्य विदेशमा हुनुहुन्छ भने विवरण दिनुहोस् ?

| क्र.सं. | विवरण |
|---|---|
| १. | देश........................................................................................... |
| २. | किन.......... |
| ३. | कती समय देखि........................................................................... |

१५. यदि तपाई बसाई सर्नु भएको छ भने कहाँ कहाँ विवरण दिनुहोस् ?

| आन्तरिक | | बाह्य | |
|---|---|---|---|
| कहाँबाट | कुन ठाउँमा | कहाँबाट | कुन ठाउँमा |
| १....................... | १....................... | १....................... | १....................... |
| २....................... | २....................... | २....................... | २....................... |
| ३....................... | ३....................... | ३....................... | ३....................... |
| ४....................... | ४....................... | ४....................... | ४....................... |

१६. तपाईको परिवारका जजमानी प्रथाका केहि जानकारी छ :

१. थाहा छ २. थाहा छैन

१७. यदि थाहा छ वा छैन भने विगतमा कुन थियो र हाल कुन छ ?

| विगतमा | हाल |
|---|---|
| | |
| | |
| | |

१८. यि संस्कारहरूमा पहिलो महत्वपूर्ण व्यक्ति को -को पर्दछन् ? प्राथमिकता अनुसार १...२...३... दिनुहोला ।

| संस्कारहरू | नातेदारहरू | संस्कारहरू | नातेदारहरू |
|---|---|---|---|
| जन्म | १. दाजुभाई ( )<br>२. दिदि बहिनी ( )<br>३. भान्जा/भान्जी ( )<br>४. साला/साली ( ) | जन्म | ५. छोराछोरी ( )<br>६. माइती/ससुराली ( )<br>७. टोल/छिमेकी ( )<br>८. साथीभाई/सहकर्मी ( ) |
| विवहा | १. दाजुभाई ( )<br>२. दिदि बहिनी ( )<br>३. भान्जा/भान्जी ( )<br>४. साला/साली ( ) | विवहा | ५. छोराछोरी ( )<br>६. माइती/ससुराली ( )<br>७. टोल/छिमेकी ( )<br>८. साथीभाई/सहकर्मी ( )<br>९. अन्य ( ) |
| मृत्यु | १. दाजुभाई ( )<br>२. दिदि बहिनी ( )<br>३. भान्जा/भान्जी ( )<br>४. साला/साली ( ) | मृत्यु | ५. छोराछोरी ( )<br>६. माइती/ससुराली ( )<br>७. टोल/छिमेकी ( )<br>८. साथीभाई/सहकर्मी ( )<br>९. अन्य ( ) |

१९. तपाईको पिता पुर्खाको विवहा कुन प्रकारको थियो बतादिनुहोस् न ? थाहा नभएमा (×) चिन्ह लगाउनुहोस् ।

| क्र.सं. | प्रकार | नाती | छोरा | उत्तरदाता | पिता | हजुरवा-१ | हजुरवा-२ |
|---|---|---|---|---|---|---|---|
| १. | एकल | | | | | | |
| २. | बहु | | | | | | |
| ३. | अन्तर जातिय | | | | | | |
| ४. | सजातिय | | | | | | |
| ५. | विदेशी | | | | | | |

२०. पुजाको बारेमा बताईदिनुहोस् न र नियमित पुजा कुन कुन देविदेवताको हुन्छ ?

| क्र.सं. | पूजा | कहाँ गर्नुहुन्छ | कति समयमा | मुख्य भगवान |
|---|---|---|---|---|
| १. | कुलपूजा | | | |
| २. | भिमकाली | | | |
| ३. | पञ्चाङ्गदेवी | | | |
| ४. | विन्ध्यवासीनी | | | |
| ५. | शिद्धबाबा | | | |

२१. जन्म संस्कारका बारेमा छोटकरीमा बताइदिनुहोस् ।

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

२२. विवहा संस्कारका बारेमा छोटकरीमा बताइदिनुहोस् न ।

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

२३. मृत्यु संस्कारका बारेमा छोटकरीमा बताइदिनुहोस् न ।

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

२४. भिमकाली पूजाका बारेमा छोटकरीमा बताइदिनुहोस् न ।

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

२५. कुल पूजाका बारेमा छोटकरीमा बताइदिनुहोस् न ।

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

२६. यि संस्कारहरूमा पहिले र अहिलेमा के परिवर्तन पाउनुभएको छ ?

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

२७. माथी नसमेटिएका अन्य सूचना, सुझाव, टिप्पणी भएमा उल्लेख गर्नुहोस् ।

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

# अनुसूची २

## मुख्य सूचनादातासँगको अन्तरवार्ताका लागि तयार पारिएको प्रश्नावली

१. अन्तरवार्ता दिने व्यक्तिको नाम :

वडा नं.: ........................ टोल/गाउँ : ........................

लिङ्ग : ........................ पेशा : ................................

उमेर ........................ योग्यता : ............................

२. पण्डित्याई पेशाका बारेमा बनाईदिनुहोस् न ?

३. पोखरा बसोबास गर्नुभएको कति पुस्तादेखि हो ?

४. लोकपरम्परा र रितिरिवाजहरु के-के छन् ?

५. जग्गा जमिनको अवस्था अहिले पराजुली समुदायमा कस्तो छ ? बताइदिनुहोस् न ?

६. जन्म संस्कारका बारेमा बताइदिनुहोस् न ?

७. विवहा संस्कारका बारेमा बताइदिनुहोस् न ?

८. मृत्यु संस्कारका बारेमा बताइदिनुहोस् न ?

९. कुलपूजाका बारेमा बताइदिनुहोस् न ?

१०. भिमकालीपूजाका बारेमा बताइदिनुहोस् न ?

११. विन्ध्यवासिनी देवीका बारेमा बताइदिनुहोस् न ?

१२. पहिले र अहिले के फरक पाउनुभयो ? संस्कार तथा संस्कृतिहरुमा बताइदिनुहोस् न ?

तपाईको अमुल्य समय र महत्वपूर्ण जानकारीको लागि धेरै धेरै धन्यवाद ।

# अनुसूची ३

| क्र.सं. | नाम | उमेर | पेशा |
|---|---|---|---|
| १. | धुव्र प्रसाद पराजुली | ६२ | सामाजीक सेवा |
| २. | चन्द्ररमण पराजुली | ६० | पण्डित्याई |
| ३. | खेम राज पराजुली | ८६ | सामाजीक सेवा |
| ४. | विश्वनाथ पराजुली | ६५ | सामाजीक सेवा |
| ५. | वामनकुमार पराजुली | ६६ | निवृतीभरण |
| ६. | श्रिभद्र पराजुली | ६५ | लेखक |
| ७. | पं. बालकृष्ण पराजुली | ६६ | पण्डित्याई |
| ८. | पं. डिल्लीराम पराजुली | ८६ | सामाजीक सेवा |

# अनुसूची ४


China
Pokhara
India


लाहाचोक
Puranchour
Sildujure
Mauja
Valam
कास्कीकोट
पोखरा
Chapakot
कालिका
H10
फेदी खोला
लेखनाथ